'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

त्रैमासिक

# अर्हत

वर्ष ३, अंक ३, पूर्णांक १० | बुद्ध सम्वत् २५५७ | ने.सं. ११३४ सकीमना पुन्ही | वि.सं. २०७० मंसिर २



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ॥

# अर्हत

त्रैमासिक

वर्ष ३ | अङ्क ३ | बुलेटिन १० | नेसं ११३४ कौलाथ्व सकीमना पुन्ही

शक सं. १९३४ | २०७० मंसिर २ | बुद्ध सं. २५५७

<u>सल्लाहकार</u>

रत्नसुन्दर शाक्य

जुनु बासुकला रंजितकार

चन्द्रबहादुर उलक

<u>सम्पादक</u>

उद्धव सुजखु

<u>प्रकाशक</u>

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

<u>बजार व्यवस्थापन तथा वितरण</u>

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

<u>कम्प्युटर</u>

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन – ६६१९१०७

<u>मुद्रण</u>

सिद्धिगणेश अफसेट प्रेस

इनाचो भक्तपुर

फोन – ६६१४७९३

सहयोग रु. ३०।–


# प्रकाशकीय

संसार २१ औं शताब्दीमा पुगिसकेको छ । तापनि हामी स्वर्ग र नर्कमा विश्वास गर्छौं । मृत्युपछि स्वर्गको बास पाउने आशामा धर्मको नाममा विभिन्न किसिमका क्रियाकलापहरु गर्दै छौं । कहिले उपवास बस्छौं, कहिले अदृश्य ईश्वर जप्छौं त कहिले मूर्ति पूजा गर्छौं । हाम्रा यी क्रियाकलापहरु मिथ्या हुन् भन्ने कुरा बुझ्न सकेका छैनौं । यदि हामीले सत्यमा विश्वास गर्ने हो भने स्वर्ग र नर्क भन्ने कुरा कल्पना मात्र हुन् भन्ने कुरा बुझ्नुपर्छ । शरीरलाई कष्ट दिई उपवास बस्ने र धर्मको नाममा विभिन्न किसिमका गतिविधिहरु गर्ने मान्छेहरु न स्वर्गमा गएको थाहा छ न नर्कमा गएको कुरा । विश्वका कुनै पनि मान्छेले पुराणमा उल्लेख गरिएका स्वर्ग र नर्क देखेका छैनन् । वास्तवमा त्यस्ता झूटा कुराहरु तृष्णामा लत्पतिरहन चाहने र आफूमात्र खाऔं, आफूमात्र लाऔं भन्ने भावना भएका खराब व्यक्तिहरुको चालबाजी मात्र हो भन्ने कुरा बुझ्नुपर्दछ ।

विगतदेखि मानव समाजभित्र धर्मको नाउँमा ठग्ने चलन छ । ती ठगहरुले नै मानिसहरुको हृदयभित्र अन्धविश्वास फैलाएका हुन् । आजको यो वैज्ञानिक युगमा हामी मानव जातिहरु त्यस्ता अन्धविश्वासका कुराहरुबाट टाढा रहन सक्नुपर्दैन र ?

हामीलाई विश्वास छ जुन देशमा शान्ति छ त्यहाँ स्वर्ग हुन्छ । जहाँ अशान्त, दुःख-दरिद्र छ र दुःख दिने परिपाटी छ त्यहाँ नर्क हुन्छ । मानिसले मानिसलाई दुःख दिनु अन्याय हो । बुद्धको शिक्षाअनुसार अन्याय सहनु पनि अन्याय हुने कुरा मनन गर्दै अन्यायको विरुद्ध आवाज उठायो भने के देशमा साँच्चैको स्वर्ग स्थापना हुँदैन र ?

पाठकवृन्दहरु,

हिजोआज नेपाली समाजमा विभिन्न लोभ-लालचमा परी आफ्नो धर्म परिवर्तन गर्ने चलन बढेको छ । धर्म निरपेक्ष देशमा आ-आफ्नो आस्थाअनुसार कुनै पनि दर्शन र धर्ममा विश्वास गर्न सकिन्छ । तर धर्म परिवर्तन गर्दा आफ्नो देश गुम्ने खतराबाट पनि बच्न सक्नुपर्दछ । अस्तु ।



# बुद्धको प्रथम सन्देश : एक अध्ययन

✍ भिक्षु अश्वघोष



बुद्ध पहिले राजकुमार सिद्धार्थ गौतमको नामबाट चिनिनुहुन्थ्यो । विवाहपश्चात उहाँलाई एउटा छोरो पनि प्राप्त भएको थियो । पछि राजपरिवारको विलासपूर्ण जीवन र साधारण जनताको सामान्य जीवनबीच धेरै विषमता देखेर उहाँ विरक्तिनुभयो । यी दुई थरिका जीवनका बीचमा अर्कै प्रकारको मध्यम मार्ग अर्थात् शान्तिको बाटो छ कि भनी खोज्नु राम्रो होला भन्ने ठानी २९ वर्षको उमेरमा उहाँले राजदरवार छोडेर संघर्षमय (दु:खमय) जीवन बिताउन थाल्नुभयो । त्यसबीच ठूल्ठूला आचार्य कहलिएका विद्वानहरूको संगत गर्नुभयो । तर आफूले चिताएको जस्तो मध्यम मार्ग अर्थात् शान्तिको मार्ग पाउन सक्नु भएन, सच्चा ज्ञानको अभाव नै रह्यो । तब ६ वर्षसम्म कष्टमय जीवन बिताउनुभयो । यसरी खाना नै नखाईकन ६ वर्ष तपस्या गर्नुभएको कुरा बुद्ध जीवनीमा अतिरंञ्जित हो । सिद्धार्थ गौतमले तपस्या गर्नुहुँदा उहाँसँग अरु कट्टर अन्धविश्वासी पाँचजना ब्राह्मणहरू पनि तपस्या गरिरहेका थिए । पछि सिद्धार्थ कुमारले आफू तपस्यारुपी गलत बाटोमा लागिरहेके महसुस गरी तपस्या छोड्द ती पाँचजना ब्राह्मणहरू पनि अन्तै गए । त्यसपछि सिद्धार्थ एक्लै बुद्धगयाको बोधिवृक्षमुनि बसी स्वतन्त्र चिन्तनले (हिन्द मस्तिष्कले होइन) ध्यान मग्न भई बस्नुभयो र वैशाख पूर्णिमाका दिन संसारको वास्तविकता र संघर्षमय (दु:खमय) जीवनको यथार्थताको ज्ञानबोध गर्नुभयो अर्थात् चार आर्यसत्य र आर्यअष्टांगिक मार्गको बोध भयो । संसार दु:खले व्याप्त छ (संघर्षमय छ), दु:खको कारण तृष्णा (शोषण अर्थात् जत्ति भए पनि नपुग्ने अतृप्ति हो । दु:खको अन्त पनि हुनसक्छ र दु:ख अन्त गर्ने बाटो पनि छ भनी बुझ्नुभयो । त्यो बाटो हो आर्य अष्टांगिकमार्ग (उत्तमाठ वटा बाटो) ।

दु:ख अन्त हुने मार्ग हुन् -१) सम्यक् दृष्टि = ठीक समझदारी, मतलब सही ढङ्गले बुझ्नु २) सम्यक् सङ्कल्प = ठीक सोचाई विचार र उद्देश्य अर्थात् नियत राम्रो हुनु । ३) सम्यक् वचन = सत्य बोल्नु, ठीक कुरा गर्नु अर्थात् भनाई र गराईमा फरक नहुनु । ४) सम्यक् कर्मान्त = गलत

तरिकाबाट काम नगर्नु अर्थात् आफूलाई पनि अरुलाई पनि हानी हुने काम नगर्नु । ५) सम्यक् आजीविका=जीवनोपाय स्वच्छ हुनु अर्थात् निर्दोषपूर्वक जीवन यापन गर्नु । ६) सम्यक् व्यायाम= ठीक प्रयत्न अर्थात् अति परिश्रम र अल्छी जीवन दुवै नहुनु । ७) सम्यक स्मृति = ठीक होसमा हुनु अर्थात् सतर्क र सचेत भइरहनु । ९) सम्यक् समाधि= चित्त एकाग्र हुनु वा चञ्चल नहुनु अर्थात् आफूले गरिरहेको राम्रो काममा चित्त दृढ राख्नु ।

सिद्धार्थ गौतमलाई उपयुक्त ज्ञानको राम्रो बोध भयो अर्थात् बुद्धत्व लाभ भयो । बुद्धको अर्थ नै बोध हुनु हो । सम्यक् सम्बुद्ध भइसकेपछि उहाँलाई अपूर्व शान्ति र आनन्दको अनुभव भएको, प्रीतिवाक्य व्यक्त गर्नुभएको कुरा पनि पालि बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ ।

सिद्धार्थ कुमारले राजदरवार त्यागी सन्यासी जीवन अपनाएको व्यक्तिगत सुख र मुक्तिको लागि होइन अपितु अति अज्ञानी र दुःखीहरूको उद्धारको लागि नै हो ।

गजबको कुरा के छ भने - बुद्धत्व प्राप्त गर्नु भएपछि उहाँको मनमा निराशापन आउन थालियो । धेरै दुःख कष्ट सहेर आफूले प्राप्त गरेको ज्ञान अति गम्भीर र निकै कठिन भएको महसुस भयो । साधारण मानिसहरुको हृदय सारै साँगुरो र स्वार्थ भावनाले पूर्ण रही लोभ, लालच, द्वेषभाव र मोह इर्ष्या एवम् अहंकार आदि कुभावनाले दुषित रहेको बोध भयो । सबै आ-आफ्ना दैनिक समस्याले ग्रसित पाउनुभयो । सुखसुविधा र विलासितामा लागिरहेका एकथरि छन् भने अर्कोथरि जीवन निर्वाह गर्न नसक्दा आर्थिक चिन्ताले पीडित भइरहेका देख्नुभयो । तब उनीहरुलाई मध्यम मार्गको ज्ञान प्रचार गर्नु व्यर्थ प्रयास गर्नुमात्रै हुनेछ भन्ने उहाँको मनमा आयो ।

पुरानो संस्कार अन्धविश्वासलाई नत्यागेसम्म र हृदय परिवर्तन नभएसम्म आफूले प्राप्त गरेको मध्यम मार्गको ज्ञान बुझ्न एवम् त्यस मार्गमा लाग्न असम्भव नभए पनि गाह्रो अवश्य छ भन्ने लाग्यो, त्यसकारण आफूले धर्म प्रचार नगरी बरु एक्लै जंगलमा बसी आनन्दपूर्वक बस्ने विचार गर्नुभयो ।

बुद्धमा तुरुन्तै होस आयो, बहुजनहितार्थ राज्य छोडेको कुरा कसरी बिर्सेको ? एक्लै आनन्दसँग बस्नलाई बुद्धत्व प्राप्त गरेको होइन । आफूमा कसरी व्यक्तिगत स्वार्थ भावना आएको ? कसरी निराशापन र पलायनवादले छाएको ? सबै मानिसहरु मूर्ख र स्वार्थी छैनन् । सबै मानिस संकुचित विचारका छैनन् । उदार हृदय र बुझ्न सक्ने खालका विद्वानहरु पनि छन् ।' यी कुराहरुद्वारा आफूले आफूलाई अर्ति दिएर आफूसँगै तपस्या गरिरहेका कपिलवस्तुका पाँचजना ब्राम्हणहरुलाई पहिले धर्मोपदेश दिऊँ अनि उनीहरु बोध भएपछि अरु पनि बोध हुनेछन् भन्ने सोच्नुभयो ।

यसरी विचार गरेर गौतमबुद्ध बुद्धगयाबाट सरासर पञ्चभद्र वर्गीय रहेको ठाउँ ऋषिपतन सारनाथमा जानुभयो । पञ्च भद्रवर्गले गौतम बुद्धलाई देख्नासाथै भन्न थाले- 'तपभ्रष्ट सिद्धार्थ हामीकहाँ आए । हेर न मीठा मीठा खाना खाएर कस्तो मोटाएर आएछन् ।'

गौतम बुद्धले मधुर स्वरले उनीहरुलाई सम्बोधन गरी भन्नुभयो -'भद्र साथीहरु, मैले पहिले कहिले पनि नसुनेको, याहा नपाएको आर्यअष्टांगिक मार्ग र चार आर्य सत्य ज्ञानको विषयमा मेरो आँखा खुलेको छ । मलाई ज्ञान लाभ भएको छ । म मा प्रज्ञा उद्दय भएको छ, विद्या बढेको छ, उज्यालो फैलेको छ अर्थात् म भित्र अन्धकार लोप भएको छ । चार आर्यसत्य र आठ उत्तममार्गको ज्ञान जानी राख्नुपर्ने ठानेर त्यसलाई जानीसकेपछि अभ्यास पनि गरिसकें र अनुभव गरेर साक्षात्कार पनि गरें ।'

उहाँले फेरि भन्नुभयो -'राम्रोसँग ध्यान दिएर सुन्नुहोस् - आर्य अष्टांगिक मार्ग र चार आर्य सत्यको राम्रोसँग व्याख्या गर्दछु । यसको ज्ञान नभएकोले, अभ्यास नभएकोले संसार अनेक समस्याबाट जटिल भइरहेको छ । चार आर्य सत्यलाई नबुझ्नुको कारण मानिसहरु दुई अन्त (छेउ र सीमा) तिर लागेका छन् । ती दुई अन्तहरु हुन् :- 'कामेसु काम सुखल्लिकानुयोग' अर्थात् पञ्चकाम = पाँच प्रकारका इच्छाहरुजस्तै, आँखाले रुप हेरी अशक्त हुनु, कानले शब्द सुनी रसास्वादमा लिप्त रहनु, नाकले गन्ध सुँघी त्यसैमा टाँसिरहनु, जिब्रोले रसास्वाद गरी पल्किनु, शरीरले स्पर्श

गरी मोहित हुनु । यो पाँच भौतिक सुखमा आसक्त भई विलासितामय जीवन बिताइरहनु अति मार्ग अथवा एकप्रकारको अन्त हुनु हो ।

अत्तकिलमथानुयोग–खाना नखाई अस्वाभाविक तपस्या गरी शरीरलाई दु:ख दिइरहनु, अन्धविश्वासमा विश्वास गर्नु दोस्रो अन्त (अति मार्ग) हो । आर्थिक र सामाजिक दृष्टिकोणले तपस्या गर्नुमात्र अति मार्गहोइन, अधिकांश जनता आधारभूत आवश्यकतासम्म पनि पूर्ति गर्न नसकी अर्थात् खाना, लत्ताकपडा, आवास र औषधोपचार नपाई संकटमय जीवन बिताइरहनु अर्को एक अन्त हो । दुई अन्त भनेको विलासितामय जीविका गरिरहेका धनी वर्ग र गरिब वर्ग हुन् । यी दुई अन्त (अति मार्ग) मा नलागी मध्यम मार्ग (मध्यम वर्ग) को अनुशरण गर्न सकेमा आर्य सत्य र आर्य अष्टांगिक मार्गमा लाग्न र अभ्यास गर्न सकिन्छ । तपस्या गरेर दु:खबाट मुक्त हुन सक्दैन । (धनीवर्गले गरिब वर्गलाई सहयोग दिएको खण्डमा मध्यम मार्गमा लाग्न सक्ला कि ।)

उपयुक्त कुरा सुनी पञ्च भद्रवर्गले आपसमा कुरा गर्न थाले 'सिद्धार्थ गौतमले यस्ता कुरा पहिले कहिले पनि भन्नुभएको थिएन । तपस्या छोडेर कसरी यस्तो ज्ञान अनुभव गरेको होला, अहिले सिद्धार्थको अनुहार पनि तेजिलो छ । व्यक्तित्व निकै प्रभावशाली छ । स्वर पनि निकै मधुर छ । साँच्चै उनले ज्ञानलाभ गरेका छन् कि तर बुझ्न नसकिने कुरा एउटा भन्नुभयो - तपस्या गर्नु व्यर्थ छ रे । तपस्याबाट दु:खको अन्त नहुने रे । हामीले उनले भन्दा बढी तपस्या गर्‍यौं । हामी चाहीं जस्ताका त्यस्तै छौं । केही पनि ज्ञान हासिल गर्न सकेनौं । हुनसक्छ -सिद्धार्थ गौतमले नयाँ बाटो र नयाँ ज्ञान फेला परेको छ । हामी त दुई अन्तमध्ये एउटामा परेका छौं । पुरानो संस्कारलाई तिलाञ्जली दिएमा सिद्धार्थको कुरा बुझ्न सकिएला कि । हामी गलत बाटोमा हिंडेका छौं कि जस्तो लागेको छ ।'

उनीहरूले गौतम बुद्धको सन्देशलाई खुब गम्भीर र स्वतन्त्र चिन्तनले (ब्राह्मण संस्कारले होइन) विचार गर्न लागेपछि उनीहरूमा ज्ञानको मूल फुट्न थाल्यो । उनीहरूले महसुस गर्न थाले । सिद्धार्थको भनाई ठीक छ । सबैभन्दा पहिले कोण्डण्यले कुरा बुझ्यो । सात दिनपछि अ चारजनाको अन्धविश्वास र पुरानो (हिन्दू) संस्कार हटे उनीहरू पनि बोध भए ।

बुद्ध धर्मलाई स्वतन्त्र चिन्तन र स्वच्छ विचार (परम्परागत पुरानो संस्कारले होइन) सोच्न सकेमात्र बुझ् सकिन्छ अन्यथा बुझ्न सजिलो हुनेछैन । बुझेर पनि व्यवहारमा उतार्नु झन् गाऱ्हो छ । साँच्चै भनुँ भने जति बुझ्यो उति गाऱ्हो भने जस्तै हुन्छ किनभने पुरानो संस्का र अन्धविश्वासबाट मुक्त हुनु सजिलो कुरा होइन ।

यहाँ माथिका दुई अन्तको बारेमा फेरि एकचोटि गहिरिएर अध्ययन गरौं । कामसुखहरूमा आसक्त एवम् लिप्त भइरहनु, रसास्वादमा पल्किरहनु -'कामेसु' बहुवचन प्रयोग गरेको देखिन्छ । कामको अर्थ आइमाइसित आसक्त हुनुमा मात्र सीमित भएको कुरो होइन । (स्त्री-पुरुषबीच आसक्त हुनु नैसर्गिक प्रकृति नियम हो ।) यहाँ बुझ्नुपर्ने पञ्च काम सम्पत्ति - संसारमा विद्यमान सबै रुप, शब्द गन्ध रस र स्पर्श सम्बन्धी कुरा हुन् । यी सम्पूर्ण कुरा आर्थिक प्रश्नसित सम्बन्धित छन् अर्थात् सम्पूर्ण भौतिक सुख भोग सित सम्बन्धित छ । मानिसले खालि भौतिकवादी मात्र बन्नु भएन, अपितु आध्यात्मिक सुख र विकासतिर पनि लाग्न आवश्यक छ भनिएको हो । अर्को अर्थमा भनुँ भने विलासमय जीवन बिताउनु देशको लागि र सामाजिक विकासको लागि हानिकारक छ । त्यसैले गौतम बुद्धले यस्तो हानिकारक अतिलाई छोड्नुपर्छ भन्नुभएको छ ।

अर्को अन्त शरीरलाई दु:ख दिइरहनु हो । न त शरीरलाई अनावश्यक दु:ख दिएर तपस्या गर्नु, अन्धविश्वासमा लाग्नु एवम् खाना, लत्ता कपडा, आवास र औषधोपचार उपलब्ध नभई कष्टमय गरिबी जीवन छोड्न पर्नु नै अन्त हो । सारांशमा यही बुझिन्छ कि अति धनी जीवन र अति गरिब जीवन दुवै अन्त छोडी मध्यम वर्गको मार्ग जीवन अपनाउनुपर्ने हो । यसैलाई बीचको बाटो भनेको हो । आज संसारमा अशान्ति र तनाव बढिरहनाको कारण धनी वर्ग र गरिबवर्गबीच आर्थिक जीवनको धेरै असन्तुलन (धेरै फरक) भएकोले हो । धनी र गरिब भनी दुई वर्ग रहुञ्जेलसम्म

ान्ति स्थापना हुनु सम्भव छैन । सीमित वर्ग धनकुवेर हुने स्ता डाल्डा समाजवाद र प्रजातन्त्रले शान्ति स्थापना सम्भव नभए पनि गाऱ्हो अवश्य छ ।

गौतम बुद्धले भन्नुभएको छ -'धनी वर्ग र गरिब वर्ग वैले निर्वाण सुख पाउनु गाऱ्हो छ, किनभने धनी र्गलाई विलासमय अर्थात् सुख सुविधायुक्त जीवन प्रिय छ ानिस त्यसैमा आसक्त भइरहन्छ । पैसाद्वारा पैसा तान्नुमा यस्त रहन्छ । जति भए पनि नपुग्ने तृष्णाबाट मुक्त ुनसक्दैन । पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन । र आवश्यकताभन्दा बढी पैसा कमाउनु र रातारात करोडपति बन्नु तृष्णा हो । कमाएको धन सदुपयोग नगर्नु तृष्णा हो । पैसा धेरै भएकोले पीर र चिन्ता भइरहन्छ ।

गरिब वर्गको जीवन कहिले पनि आर्थिक चिन्ताबाट मुक्त भएको देखिदैन । बुद्धले भन्नुभएको छ -'अपराधको मूल कारण नै गरिबी हो । आधारभूत आवश्यकता पूर्ति नभएमा नैतिक जीवन बिताउन गाऱ्हो हुन्छ ।'

बुद्धको प्रथम सन्देश धर्मचक्र प्रवर्तनपछि सारनाथमा भिक्षुहरूको संख्या ६० पुगेको हो । त्यसपछि बुद्धले भिक्षु सङ्घ स्थापना गर्नुभयो । भिक्षु संघलाई व्यक्तिगत सम्पत्ति राख्न मनाही गर्नुभयो । अत्यावश्यक दैनिक उपभोग्य वस्तुमात्र व्यक्तिगत रुपमा राख्न पाउने नियम बुद्धले बनाइ दिनुभयो । दानमा प्राप्त हुने ठूल्ठूला वस्तुहरू सबै सांघिक (सामूहिक) बनाइदिनुभयो । व्यक्तिगत दानभन्दा संघलाई दिएको दानको महत्त्व बढी छ भन्नुभयो । व्यक्तिगत दानलाई निरुत्साहित पार्नुभयो र सामूहिक दानलाई महत्त्व दिनुभयो ।

गौतम बुद्धले गृहस्थी समाजलाई आदर्श र नमुनाको लागि भिक्षु संघ स्थापना गरी सामूहिक धन सम्पत्तिको महत्त्व बढाउनुभएको हो तर साम्यवादी देशले बाहेक अरु समाजले यो आदर्शलाई लिएन । साम्यवादी देशमा पनि यो नियम विलीन हुँदै आइरहेको छ । अरु त के भिक्षु संघमा पनि सिद्धान्त र आदर्शमात्र बाँकी रहेको छ । व्यवहारमा कतै आदर्श देखिदैन । दान लिंदा उपदेश दिंदामात्र सांघिक शब्द प्रयोग गरिरहेको सुनिन्छ । यस्ता कुरा व्यवहारमा प्रायः लोप भइसकेको छ । त्यसको कारण उपासक उपासिकाहरूको तर्फबाट भिक्षुहरूप्रति जसरी कर्तव्य पालन र संरक्षण हुनुपर्ने हो त्यो पूरा नभएकोले हो । फलस्वरुप भिक्षु संघमा पनि नियमको शिथिलता आएको छ ।

पछि गौतम बुद्धले भिक्षुहरूको संरक्षण र चिरस्थायीको लागि भिक्षु जीवन नैतिकतापूर्ण बनाउनका लागि आधारभूत आवश्यकता चार चीजको व्यवस्था नभई हुँदैन भन्नुभयो । ती चार चीज हुन् -१) चीवर =(वस्त्र) २) पिण्डपात्र = (आहार) ३) सयनासन = (आवास) ४) गिलान प्रत्यय = (औषधोपचार) । यी चार वस्तुको व्यवस्था नभएमा भिक्षुहरूको जीवन नैतिकतापूर्ण हुनसक्दैन । यस कुराले के बुझिन्छ भने बुद्ध धर्म सिंगै आध्यात्मिकवाद पनि होइन, भौतिकवाद पनि होइन । यी दुईबीच परस्पर घनिष्ठ सम्बन्ध छ तर त्यो जीवन आर्थिक व्यवस्थामा निर्भर छ । आर्थिक व्यवस्था नसुध्रेमा धर्म, संस्कृति, भाषा र इतिहासको अस्तित्व रहँदैन । यी वस्तु सबै म्युजियममा राख्न लायक हुनेछन्, सजीव हुँदैनन् मृत्युप्रायः हुन्छ ।

स्मरणीय छ बुद्धको प्रथम सन्देश धर्मचक्र प्रवर्तनको सारांश मानिसको जीवन पञ्चकाम विषयमा आसक्त हुनु आर्थिक विकासको लागि बाधक छ, खतरा छ । बुद्धको विचारअनुसार धन उपार्जनको साधन व्यक्तिगत हुनुले बहुजन हिताय र बहुजन सुखाय हुन सक्दैन । सबै प्रकारको आर्थिक स्रोत सामूहिक हुनुपर्छ र बहुजन हितायको दृष्टिकोणले हुनुपर्छ । अनिमात्र गरिबवर्गको उत्थान हुनसक्छ र मध्यम वर्गमा जान सकिन्छ ।


बुद्धको प्रथम सन्देशलाई कुनै पनि बौद्ध देशले बुझेको छैन भने व्यवहारमा ल्याउन प्रयत्न कसरी गरिन्छ । कतै व्यवहारमा ल्याएको पनि देखिदैन । चीनले अनुशरण गर्न खोजेको थियो तर त्यहाँ पनि विलासमय जीवनमा आसक्त हुने संस्कार भएका मानिसहरू शेष भएकाले त्यसमा शिथिलता आएको आभाष देखिएको छ । पुरानो संस्कार नबदलेसम्म बुद्धको प्रथम सन्देश पुस्तकमा मात्र उज्ज्वल भइरहन्छ, व्यवहारमा शून्यप्रायः छ ।

❖❖❖

# Chittadhar Hridaya :

## The Poet and Budhist by Faith and practice

✍ H.L. Singh



Chittadhar Hridaya (1906-1982) was one of the very few writers of Nepal who was known as the Buddhist writer and scholar. Udas or Tuladhars constitute one of the important castes in the Newar society. He first published a poem with the Buddhist theme in the first Nepal Bhasha magazine called Buddha Dharma published under the editorship of Dharmaditya Dhamacharya. This poem was published in 1926 under the name of Buddhopaaska chittadhar. In Newar Buddhism the lay Buddhists are called upasaka. Except the shakyas and the Vajracharyas, other castes like Jyapus, Manandhars, Tuladhars, Chitrakaras, etc. are lay Buddhists.

During the Rana rule there was a restriction against the writings on Buddhism as well as its propagation. Chittadhar was imprisoned in 1940 to 1945 for involvement in a progressive activity known in history as library scandal. This imprisonment was a blessings in disguise because it was then that he wrote sugata saurava, an epic based on the life of Gautam Buddha. This epic was and is still a masterpiece of Newari or Nepal Bhasa Literature. He had written quite a lot to introduce as well as propagate Buddhism in the kathamandu valley.

Chittadhar wrote:

*'We are Buddhists : our coutry Nepal is a Buddhist country. This is known to all. Our life style is Buddhist. The Nepalese people were taken aback seeing one again the Buddhists in saffron robe which they had forgotten. Some shed tears; some said they were the real Buddhists. Dhammaloka wore the Chivara for the first time in Kushinagara. This paved way for the start of Theravada in Nepal'*

Self-educated in a cultured family, chittadhar was a dedicated man and writer. His dediction and commitment to the development of Nepal bhasa and

s literature is well-Knowned. In his struggle for the levelopment of Nepal Bhasha and its literature as vell as culture he was undoubtedly a revolutionary gure.

Chittadhar shared some characteristics with Rabindranath Tagore, the Nobel Laureate of India. Those characteristics were long beard, skill in painting, poetic sensibility and love for mother language, culture and literature. Like Rabindranath Tagore, Chittadhar was a born poet. Everything he wrote bore the stamp of poetry as if poetry flowed rom his pen spontaneously.

Sugata saurav gives unfailingly an impression of originality, imaginative power and creativity of hittadhar. The greatness of Chittadhar in sugata aurav lies not in presenting the incidents and vents of Siddhartha Gautam's life in a chronological rder but in presenting the Buddhist culture of the lays of Siddhartha Gautama.

Gautam Buddha's Life influenced Chittadhar. Even t a very early age of five he read *Lalitavistara*, the lewari translation by Nisthananda Vajracharya. Born n a Buddhist family, Chittadhar knew well the Buddhist tradition of Nepal. He learnt chacha and harya songs from pandit sidhiharsha vajracharya. *Dhammapada* which he read in Eindi moved the oetic mind of chittadhar tremendously.

Chittadhar like other Newar Buddhist was a follower f Mahayana Buddhism. The Kathmandu Valley itself vas a center of Mahayana Buddhism with shakyas nd vajracharyas following vajrayana Buddhism. Theravada Buddhism was reintroduced in the Kathmandu valley in 1930s with the efforts of Dharmaditya Dharmacharya, and monks Mahaprajna, pragyananda and Amritananda with the elp of monks of Burma and Sri Lanka (then Ceylon).

Chittadhar was attracted to Theravada Buddhism. He was also instrumental in bringing about the Theravada revival in the kathamandu valley in the apacity of an advisor of Dharmodaya sabha, the remier Buddhist organization of Nepal, and as ontributor of writings to Buddhist magazines, Dharmaditya Dharmacharya was a source of great inspiration to him. Chittadhar tried to materialize the dream of Dharmaditya Dharmacharya, the dream of the propagation of Buddhist philosophy and the revival of Theravada Buddhism. He kept contact with native and foreign Buddhist scholars like Rahul Sankrityayana and Dr. suniti K. Chatterjee and monks. He visited China, Burma and various parts of India as Buddhist writer.

Chittadhar was not only a poet, painter, writer interested in Buddhism. He moulded his life in the Buddhist pattern, His life was itself an example of dedication, sacrifice and renunciation. He donated books, land, art works, idol, manuscripts, etc, to the swayambhu vikas Mandal, at Swayamhu hill. On the occation of handing over those materials, he said,

*'The objects on display here are not my earning. They belong to my ancestors. People are selling idol of gods and goddess. People are losing their lives because of idol theft ... I do not have children. One of the two sisters is Anagarika. It is my strong desire to see these old objects preserved in Nepal. The Swayambhu vikas Mandala has done a very good work by constructing a museum to preserve idols. As I intend to present these objects to swayambhu vikas mandal for their preservation. I wish to seek your permission.'*

Chittddhar was also a progressive writer. He wanted a sort of social revolution to activise the society and individuals. He was an advisor of Kasa Guthi (a trust for the progress of Kansakars). In the first quarter of this century a conflict between Vajracharyas and Udas took place following the popularity of Kyangtse Lama of Tibet through religious discourses at the Kindol Vihara and other palced. Chittadhar was imprisoned by the Rana government for supporting the udas in what Rana rulers called *Adambarmata* (Pretentious religion, i.e., Lamaism.)

Chittadhar was a Buddhist by faith and practice. Almost all the Urays were and are the followers of Mahayana Buddhism. But chittadhar also tried to practice Theravada Buddhism practicing the fundamental Buddhist precepts in a true sense of the term.

❖❖❖

# के श्राप र वरदान दिने काम मानव धर्म हो र ?

✍ डी. आर शाक्य 'ऋषि'

यो संसारमा धेरैजसो इश्वर र इश्वरको दूत (धर्मको रचयिता) हरूले 'मेरो शरणमा आऊ' तिमीहरूको सम्पूर्ण पाप नास गरिदिने छु, मोक्ष दिलाउने छु भनेर उद्घोष गर्दै आएका थिए । साथै उनीहरूबाट श्राप र वरदान दिने कामको जिम्मा पनि लिएका थिए ।

अन्य जो कोहीबाट यी इश्वरहरूको अपमान, अवहेलना, उपहास र गालीगलौज भयो भने त्यस्ता व्यक्तिले श्राप पाउने छ या त संहार हुने छ । जो व्यक्तिले यी ईश्वरको गुणगान, भजन किर्तन गर्छ त्यस्ता व्यक्तिले वरदान पनि पाउने छ । हामी यस्ता कुराहरू विभिन्न धर्मग्रन्थ, पुराण (पौराणिक कथा) मा देख्न वा सुन्न पाउँछौं । झन् अहिले त नेपाल टेलिभिजनबाट यस्ता धार्मिक एवम् पौराणिक कथाको टेलिश्रृङ्खला देखाउँदै आएको छ । सरकारले नै टेलिभिजनबाट प्रसारण गरेपछि बाध्यताले नै मन परे पनि मन नपरे पनि हेरिन्छ । तर मुख्य कुरा यस्तो प्रसारणले समाजलाई कस्तो शिक्षा दिन्छ ? देश र जनताको लागि के कति भलाइ गर्छ ? त्यो हेर्नु आवश्यक छ ।

आजको २१ औं शताब्दीमा प्रवेश भएका तमाम युवा वर्गहरूको मस्तिष्कमा यसले के कति सकारात्मक प्रभाव पार्छ ? त्यो प्रसार युग सुहाउँदो छ छैन सोच्नुपर्छ ।

हुन त धर्मग्रन्थहरूमा देवताहरू धेरै गुणले सम्पन्न भएको बताइन्छ । कहाँ हामीजस्ता मानिसहरू कहाँ देवताहरू । देवता सबै गुण सम्पन्न भएको मानिन्छ । त्यतिबेलाको सोचाइ अनुसार राग, द्वेष, मोह, अहंकार, रीस, लोभलालच जस्ता अवगुणहरू हामीहरू जस्त सर्वसाधारण मानिसहरूमा सीमित हुन्छ भन्ने गरिन्छ तर जब यस्ता धार्मिक ग्रन्थमा आधारित टेलिफिल्म हेरिन्छ तब ईश्वर या सर्वेश्वरबीचमा पनि चारित्रिक रुपले कु अन्तर नभएको देख्न पाइन्छ । तैपनि देवताहरू धे मानिसहरूबाट पूज्य हुन्छन् सोचनीय छ ।

एकातिर प्राय:जसो धर्मग्रन्थमा हिंसा नगर्नु, चोरी नगर्नु व्यभिचारी नहुनु मद्यपान नगर्नु भन्ने कुरा यदाकदा सुन्न पाइन्छ । तर ईश्वरहरूमा पनि निकै खोटहरू देख्न पाइन्छ यस्ता नराम्रा कुराहरूलाई गौन ठानेर जेजसो भए पनि 'ईश्वरको लीला यस्तै हो, भगवानको लीला अपरम्पार' भने आँखा चिम्लिन्छ । कुनै चिन्तन मनन तथा विचार गरिदैन यस्ता कुराको विचार र चिन्तन मनन गर्नाले पाप लाग्छ ईश्वरले सराप दिन्छ भनी मानिसहरू डराउँछन् । के भात खाँदा ढुङ्गा बालुवा, माटो आए पनि त्यसलाई वास्ता नगरी बालुवा, माटो र ढुङ्गा पनि खाने ? के त्यो पनि ईश्वरको लीला हो ? यदि यस्ता नराम्रा कुराहरू पनि ईश्वरको लीला भए, ईश्वर किन आफ्नो चरित्रलाई थाँती राखेर कुनै दानवला विजय गर्न नसकी उसकी निर्दोष पत्नीलाई पतिव्रता व्यभिचा भोग्न किन बाध्य हुनु पर्‍यो ।

के वरदानको कुरा पनि यस्तै छैन ? आफ्नो नाम जपेर तपस्या गरिरहेका व्यक्तिलाई ईश्वरले वरदान दिंद आफै भागाभाग हुनु परेको थिएन ? अहिलेको सन्दर्भम यस्तो वरदानको कुरा धेरै मिल्न आउँछ । अमेरिकाले कुन



बेला अफ्गानिस्तानमा मुजाहिद्दिनलाई धपाउन तालिवानीहरूलाई वरदान दियो तर पछि तालिवानबाट अमेरिका आफै डराउनुपऱ्यो ।

आज हाम्रा मन्त्री महोदयहरू पनि यसैको शिक्षा अनुसरण गरी कोही पर्खाल नाघ्ने, कोही चोर लुकेजस्तै लुकेर व्यभिचार गरी हिँड्ने गर्छन् । यदि कसैले त्यसको विरोध गरे भने अनेक आरोप लाग्छ । त्यसैकारण अहिले जनता त्यसलाई पनि भगवानको लीला यस्तै हो भनेर चूप लाग्नुपर्ने अवस्था आएको छ । कहिलेकाहीं यस्ता फिल्म पनि हेर्न पाइन्छ । फिल्मका पात्रहरू न नायक हो न खलनायक हो आफै बद्मास गर्छ केही हुँदैन अरुले बद्मास गर्छ त्यसले लात खान्छ । हाम्रा मन्त्री महोदयहरू त्यस्तै पात्र बनेका छन् । अहिले प्रसारित 'विष्णुपुराण' टेलिफिल्ममा भक्त प्रल्हादले भने - जो गुरुजन भनाउँदाहरू नै भ्रष्ट हुन्छन्, रिसाहा, क्रोधी हुन्छन् भने त्यस्ताबाट शिक्षा हासिल गर्ने असल व्यक्ति हुने विद्यार्थी कस्तो होला ? हिरण्यकश्यप जस्ता निर्दयी, अहंकारी, क्रोधी विद्यार्थी (शिष्य) बन्ने छ भनेर गुरुलाई समेत अर्ती दिनु भक्त प्रल्हादको शब्द अति नै ज्ञानवर्द्धक देखिन्छ । तर यहाँ यस्ता कुरालाई भन्दा अरु कुरालाई धेरै जोड दिइन्छ ।

वास्तवमा धर्म धारण गर्ने हो, पालन गर्ने हो, साधना गर्ने हो भने त्यसबाट सम्पूर्ण मनुष्यलगायत सम्पूर्ण प्राणीहरूलाई समेत हित, सुख र कल्याण हुन्छ ।

आजभन्दा २६०० वर्ष पहिले अर्थात् बुद्ध आउनुभन्दा पहिले पनि अन्धधर्मको व्यापकताले गर्दा धेरै मानिसहरू पीडित थिए । धर्मकै कारणले मानिस मानिसबीच उच्च निचको भेदभाव रहेको थियो । धर्मकै कारणबाट शोषण र अन्य सहेर मानिसहरू पाशविक जीवनयापन गर्न बाध्य थिए । धर्मकै कारण कति मानिसहरू मरे । बुद्धको आगमनको सुरुवातको समयसम्म पनि यसले मजबुत जङ्ग लिइसकेको थियो ।

जब बुद्धबाट सम्यक सम्बोधि ज्ञान लाभ गरी धर्मचक्र प्रवर्द्धन गरी संघको स्थापना भयो । तबदेखि मिथ्या धर्म र अन्ध धर्मको जग हल्लिन थाल्यो । बुद्धले त्यस मानव कल्याणकारी धर्म सारा जगतमा फैलाए । त्यसपछि धर्मले अर्कै मोड लियो । बुद्धले मानिसहरूको विचारलाई स्वतन्त्रता दिए (जसलाई अहिले हामी प्रजातन्त्र वा मौलिक अधिकार भनिरहेको छौं) र त्यसैगरी बुद्धले यो पनि भनेका छन् - 'आफ्नो मालिक आफै हो ।' अरु कोही होइन - आफ्नो लागि आफै बत्ती भएर जानुस्, कसैको शरणमा कोही

होइन, कसैले कसैको पाप नाश गर्न सक्दैन । 'जन्मले कोही चण्डाल र ब्राम्हण पनि हुँदैन ।' यही अभिव्यक्तिले गर्दा त्यसबेलाका पुरातनवादी कट्टर धर्माधिकारीहरू बुद्धदेखि चूर चूर भए । तिनीहरूले बुद्धलाई कति सरापे कति गाली गरे र अनेकौं षड्यन्त्र गरी हिंडे । आखिर बुद्धको शीतल मैत्री करुणाले नै गर्दा सबै त्यस्ता व्यक्तिहरूलाई तिनीहरूको क्रोधको आगो सेलाएर सत्य ज्ञान दर्शनको बोध गर्न लगाई बुद्धकै अनुयायी भए । त्यसबेला बुद्धलाई जथानाम गाली गर्ने धेरै नै व्यक्तिहरू थिए, अग्गिक भारद्वाजले बुद्धलाई चण्डाल मुन्दक भनेर गाली गरेपछि बुद्धले त्यसलाई पनि अनुयायी बनाए, देवदूतले बुद्धलाई धेरैपटक मार्ने प्रयत्न गरे । चिनचामानवक वेश्याले बुद्धलाई बद्नाम गर्न बुद्धसँग यौन सम्बन्ध भएको र त्यसैबाट गर्भाधान हुन गएको भनेर पेटमा काठको मुढा राखी बुद्धलाई बद्नाम गर्न खोजिन् । बुद्धको विहारमा कुनै यस्तै षड्यन्त्रकारी व्यक्तिहरूबाट सुन्दरी परिब्राजक वेश्याको हत्या गरी फ्याँकियो, अंगुलीमाल डाँकूले मार्न खोज्यो तर बुद्धले कसैलाई सरापेनन्, कसैसित पनि वैरभाव राखेनन् बरु बुद्धले मैत्री, करुणा, मुद्धिता, उपेक्षा, जस्ता चतुर्ब्रम्ह गुणबाट सबैमाथि विजय गरी छाडे । यस्तै बुद्धका पालामा बुद्धलाई जथानाम गाली गर्ने भारद्वाज ब्राम्हण पनि थिए । उसकी बुहारी बुद्धमार्गी थिइन्, तर भारद्वाज ब्राम्हण चाहिं धर्मकर्मको नाममा अरुको पाप नाश गरिदिन पशुपंछी बलि दिने, होम गर्ने काम गर्दै आएका थिए । भारद्वाज ब्राम्हणले बुहारीको त्यो चाला देखेर छोरालाई तिमीले बुद्धलाई भएभरको गाली गरेर आऊ भनेर बुद्ध कहाँ पठाएछन् । छोराले बाबुको आज्ञाबमोजिम बुद्धलाई बेसरी गाली गरे । गाली गर्दा गर्दै थाकिसकेपछि बुद्धले उसलाई शान्त र मलिन स्वरले मैत्री र करुणा राखी सम्झाइ-बुझाइ गरे । अन्ततः त्यो छोरो पनि बौद्ध उपासक भएर घर फर्के । भारद्वाज ब्राम्हणले छोरोको पनि त्यो चाला देखेर भारद्वाज ब्राम्हण रीसले चूर भई छोरोलाई गाली गरे -'ए तँ पनि बुद्धको कुरा सुनेर स्वास्नीको कुरामा लागिस् होइन ?' बुद्धले मेरो छोरोलाई पनि कुमन्त्र गरी मायाजालमा फसायो भनेर ब्राम्हण आफै बुद्ध कहाँ गएर रीस पोख्न गएछन् । ब्राहमणले बुद्धलाई गधा, पशु, चण्डाल भनेर भएभरको गाली गरे । पछि आ थकित भए । त्यसको रीस पनि विस्तारै सेलाउँदै ग बुद्धले उनलाई पनि मुसुमुसु हाँसेर भने 'ए ब्राम्हण । तपाईंसँग एउटा कुरा सोध्छु तपाईंको घरमा कहिलेका पाहुना आउनुभएको छ ?

ब्राहमण : (झोक्किएर) - आउँछन् किन आउँदैनन् । तँला के को वास्ता ? तँ बुद्ध भएर पनि यस्तो कु सोध्ने ?

बुद्ध : (फेरि पनि मुसुमुसु हाँसेर) - ती पाहुनाहरू तपाईंलाई केही कोसेलीहरू पनि ल्याउने गर्छ कि ?

ब्राम्हण : फेरि झोक्किएर - ल्याए पनि नल्याए पनि तँला किन चाहियो ?

बुद्ध : मलाई यस्तो कुरा पनि काम लाग्छ । भन कोसेली ल्याउने गर्छ कि गर्दैन ?

ब्राम्हण : ल्याउँछन् । तँ बुद्ध भएर पनि यति कुरा नै थाह छैन ?

बुद्ध : त्यो उपहार (कोसेली) तपाईंले स्वीकार नगरे पाहुनाले के गर्छ ?

ब्राम्हण : पाहुनाले नै लिएर जान्छ ।

बुद्ध : त्यसो भए तपाईं पनि म कहाँ आउनुभएको मेरो पाहुना हुनुहुन्छ । तपाईंले पनि मलाई गधा गोरुजस्ता पशुहरू कोसेली ल्याउनुभएको रहेछ तर त्यो कोसेली मैले स्वीकार नगरेको हुँदा यी कोसेलीहरू सबै तपाईंले नै लिएर जानुस् ।

भारद्वाज ब्राम्हणले बुद्धको यति जवाफ सुनेपछि चर्को घाममा घ्यू पग्लिए झैं उसको सम्पूर्ण रीस अहंकार पग्लिन गई लाजले केही बोल्न नसकी मुख रातो पारी चुपचाप भएर बसे पनि बुद्धले त्यसलाई मैत्री करुणा राखी सत्य ज्ञानबोध गर्न लगाई त्रिशरणमा पठाए ।

यसबाट के थाहा पाउन सकिन्छ भने बुद्धले कसैलाई पनि वैरभाव राख्नु भएन, कसैलाई पनि सरापेनन्, कसैलाई पनि वरदान पनि दिएनन् । वास्तवमा श्राप र वरदान दिने मानव धर्म पनि होइन ।

❖❖❖

# डेनमार्कका एक बौद्ध विद्वान प्रो. मिखाइल विगो फाँसबल

✍ रत्नसुन्दर शाक्य

१९ औं शताब्दीमा बुद्ध धर्मको पुनरुत्थान एसियाका विभिन्न देशहरूमा भएको थियो त युरोपमा यसको सुरुवात भएको थियो । युरोपका विभिन्न देशहरूको क्रममा डेनमार्क (Denmark) मा पनि यस धर्मको प्रचार प्रसारार्थ कयौं महानुभावहरूले योगदान दिएका थिए । ती महानुभावहरूमध्ये एक हुनुहुन्छ प्रो. मिखाइल विगो फाँसबल (Prof. Michael Viggo Fausböll) ।

उहाँको जन्म २२ सेप्टेम्बर, १८२४ का दिन डेनमार्कका एक पादरीको पुत्रको रुपमा भएको थियो । उहाँले मेट्रिक शिक्षा उत्तीर्ण गरिसकेपछि जीविकाको लागि शिक्षकको काम सुरु गरी कोपनहेगन विश्वविद्यालय (Copenhagen University) मा आफ्नो अध्ययन पनि सुरु गर्नुभएको थियो । उहाँको रुचीको विषय थियो - दर्शनशास्त्र भाषाविज्ञान-बहुभाषा एवम् ब्रह्मविद्या वा परमार्श विद्या (Theology) ।

विगो फाँसबललाई विश्वविद्यालयको अध्ययनकालमा विश्वविद्यालयको पुस्तकालयमा रहेको डेनिस विद्वान रास्कद्वारा सङ्कलित ताडपत्रमा लेखिएको हस्तलिखित बौद्ध ग्रन्थहरूबाट निकै प्रभावित पारेको थियो । डेनमार्कका उक्त विशिष्ट बहुभाषाविद् विद्वान हुनुभएका रास्मस क्रिष्चियन रास्क (Rasmus Kristian Rask 1787-1832) ले ७ वर्षसम्मको पूर्वीय देशको भ्रमणकालमा ६ वर्षसम्म (सन् १८२१-२७) को श्रीलंकानिवासकालमा त्यहाँ रही पाली र सिंहली भाषाको विस्तृत अध्ययन-मनन गरी स्वदेश




मिखाइल विगो फाँसबल

फर्कनुर्भको थियो। उहाँले त्यसबेला आफ्नो देशको निमित्त उपहार स्वरुप सो अमूल्य ताडपत्रमा लिखित बौद्ध-ग्रन्थहरू लिएर आउनुभएको थियो । उहाँबाट ती सम्पूर्ण ग्रन्थहरू Royal Danish Academy लाई प्रदान गरिएको थियो । अत: सो सङ्कलनलाई 'Rask's Palmleat Manuscripts' भनिएको हो ।

सास्कद्वारा सङ्कलित सो हस्तलिखित ग्रन्थहरू एवम्

रास्कको गतिविधिबाट निकै प्रभावित हुनुभएका विगो फाँसबलले आफूले पनि पूर्वीय साहित्यमा दिलचस्पी राख्नुभयो । उहाँले विश्वविद्यालयमा भाषाविज्ञान (Philology) को अध्ययन गरेको बेला संस्कृत भाषाको अध्ययनको क्रममा २२ वर्षको उमेरमा संस्कृत साहित्यअन्तर्गत हितो पदेशसम्बन्धी एक निबन्ध लेखेवापत विश्वविद्यालयबाट 'Gold Medal' प्राप्त गरिसक्नुभएको थियो । त्यसभन्दा अगाडि अझ उहाँले सन् १८४० मा राज्यस्तरबाट ब्रम्हविद्या वा परमार्थविद्यासम्बन्धी लिइएको परीक्षामा पनि सफलता हासिल गरिसक्नुभएको थियो । त्यसबेलादेखि नै उहाँले आफ्नो फुर्सदको समय भारतीय विद्या सम्बन्धी अध्ययन मननमा विशेष रुची राख्दै आइरहनुभएको थियो ।




यसप्रकार संस्कृत एवम् पूर्वीय दर्शन साहित्यमा दिलचस्पी राख्दै आउनुभएका बिगो फैसबलले रास्कको सङ्कलन कृतितर्फ आफ्नो ध्यान केन्द्रित भएदेखि उहाँले पाली र सिंहलीभाषामा दक्षता प्राप्त गर्नेतर्फ लाग्नुभयो । उहाँले आफ्नो संस्कृत ज्ञानको आधारमा पालीभाषा आफैले सिक्दै लग्नुभयो । उहाँले नागरी लिपिको बारेमा पनि बोध गर्दै जानुभयो ।

विशेषत: सन् १८४८ देखि रास्कका पाली ग्रन्थहरूमा ध्यान दिँदै एवम् सन् १८४९ देखि जातक-कथाहरूमा पनि दिलचस्पी मात्र होइन यसको अनुवाद कार्यमा पनि लाग्दै आइरहनुभएको थियो । उहाँको निम्ति अन्य एक प्रेरक व्यक्तित्व हुनुहुन्छ - फ्रान्सका सुप्रसिद्ध बौद्ध विद्वान - यूजीन बर्नफ (Eugene Burnouf 1801-52)

स्मरणीय छ, यूजीन बर्नफले सन् १८२७ मा पाल भाषाको उपयोगिताको सम्बन्धमा एक कृति जर्मन प्राच्यवि क्रिश्चियन लास्सेन (Christian Lassen) सित संयुक्त रुपम मिली प्रस्तुत गरिएको थियो त सन् १८४४ मा संस्कृ एवम् पाली बौद्ध साहित्यको महत्ता एवम् देनको बारेम एक विस्तृत ग्रन्थ फ्रेन्चभाषामा लेखी प्रकाशि गरिएको थियो ।

यसप्रकार विशेषत: रास्मस क्रिष्चिय रास्क र यूजीन बर्नफबाट प्रभावित भएक बिगो फाँस बलले बौद्ध साहित्यको उद्धा कार्यमा जातक साहित्यभन्दा पहिले उहाँल सन् १८५५ मा त्रिपिटकको सूत्रपिटक अन्तर्गत खुद्दक निकायको दोस्रो प्रमुख ग्रन्थ 'धम्मपद लाई लाटिन भाषामा रोमन लिपिमा अनुवा गरी प्रकाशित गर्नुभएको थियो । वस्तुत: यह पुस्तक नै युरोपीय भाषामा प्रकाशित मूल- पाली त्रिपिटकको पलिो अनुवाद मानिन्छ ।

बिगो फाँसबललाई जातकभन्दा पहिले 'धम्मपद' को अनुवाद गर्न सुझाव उहाँकै एक गुरुवर एन.एल वेस्तरगार्ड (N.L. Westergard) ले दिनुभएको थियो । प्रो. वेस्तरगार्ड पूर्वी देशको व्यापक भ्रमण गर्ने पहिलो डेनिस विद्वान हुनुहुन्छ जसले आफ्नो भ्रमणका सम्पूर्ण वृत्तान्त एवम् अनेक पूर्वीय सम्बन्धी सूचीपत्र (Catalogus) सन् १८४० मा प्रकाशित गर्नुभएको थियो । सन् १८७८ मा बिगो फाँसबल कोपनहेगन विश्वविद्यालयमा प्रो.




फाँसवलद्वारा लिखित पुस्तक 'धम्मपद' र 'भगवान बुद्ध' (अनुवाद)

वेस्तरगार्डको स्थानमा भारत विद्या (Indology) को प्रोफेसर नियुक्त हुनुभएको थियो । यसभन्दा अगाडि उहाँ सन् १८६१ देखि १८७८ सम्म कोपन हेगन विश्वविद्यालयका सहपुस्तकालयाध्यक्षको पदमा रहनुभएको थियो ।

विगो मिखाइल फाँसबलको अति स्मरणीय वा गहन योगदान भनेको जातक-साहित्यका सम्पूर्ण अनुवाद एवम् प्रकाशन कार्यलाई मानिन्छ । यो कार्य उहाँले सन् १८६१-७२ भित्रमा अनुवाद कार्य पूर्ण गरी सन् १८७७-९७ भित्रमा ६ खण्डको रुपमा प्रकाशन गर्न सफल हुनुभएको थियो ।

स्मरणीय छ, उहाँको जातकको प्रथम खण्डको अनुवाद उहाँकै एक प्रेरक व्यक्तित्व रास्मस क्रिश्चियन रास्कलाई समर्पण गरिएको थियो, शब्द यसप्रकार थियो - 'Dedicated to the memory of the Greatest Linguist of the North Rasmus Kristian Rask, the Peasant's Son' ।

बिगो फैसबलले बौद्ध साहित्यको विस्तृत अध्ययन मननार्थ ७ पटकसम्म इङ्गल्याण्डको भ्रमण गर्नुभएको थियो जहाँबाट उहाँले केही सिंहली बौद्ध विद्वानहरूसित पनि घनिष्ठ सम्पर्क राख्दै जानुभएको थियो । इङ्गल्याण्डमा उहाँको विशेष सम्पर्क पाली साहितयका प्रकाण्ड विद्वान प्रो.रीस डायविडस (Prof. Rhys Davids 1843-1922) सित रहेको थियो ।

बिगो फौसवललाई आफ्नो कृति प्रकाशनार्थ आर्थिक सहयोग डेनिस र इरान सरकारको तर्फबाट र बर्लिन एकेडेमीबाट पनि प्राप्त भएको थियो ।

यस्तै उहाँलाई विशेष सहयोग गने व्यक्तिहरूमा श्रीलङ्काका बौद्ध विद्वान भिक्षु वास्कादुवे श्री सुभूति पनि एक हुनुहुन्छ । फाँसबलले जातकको दोस्रो खण्ड अनुवाद गरिरहनुभएको बेला कर्नल डन्कन (Col. Duncan) नामक उहाँका एक मित्रले उहाँलाई वर्मी लिपिका सम्पूर्ण जातक खण्ड एक सेट उपहार स्वरुप पठाएको थियो । उहाँले जातकको अन्तिम खण्डको अनुवाद गरिसकेपछि त्यसको सूचीपत्र तयार गर्नमा उहाँको उत्तराधिकारी शिष्य डिनेस आण्डरसन (Dines Andersen) ले विशेष सहयोग गरेको थियो । उपसंहार शब्द फाँसबल स्वयम्ले लेख्नुभएको थियो ।

बिगो फाँसबल सम्पूर्ण जातक साहित्यको अनुवाद पश्चात् पालि-त्रिपिटकको एक अमूल्य प्रमाणिक ग्रन्थ सुत्त-पिपात (खुद्दक निकायको पाँचौं ग्रन्थ) को अनुवाद पनि सन् १९९१ मा पूर्ण गरी सन् १८८४ भित्रमा प्रकाशन पनि गर्न सफल हुनुभएको थियो ।

बिगो फाँसबललाई पूर्व र पश्चिम (विशेषत: एसिया र युरोप) का सम्पूर्ण विद्वानहरूले अति आदर गर्दथे । तिनीहरूमध्ये प्राय:सित फाँसबलको घनिष्ठ मित्रता थियो । उहाँले आफ्नो यात्राको दौरानमा अधिक समय इङ्गलैण्डमा बिताएको फलस्वरुप त्यहीकै एक महिला इलेन लुइस बेकवेल लोहमिर (Eleen Louise Beckwell Lohmier) सित सन् १८७३ मा विवाह हुन पुगेको थियो लण्डनमा उहाँको अधिकांश समय ब्रितिश म्युजियम र रौंयल एसियाटिक सोसाइटीमा बिताउनुभएको थियो ।

बिगो फाँसबल - देश विदेशका कयौं प्रतिष्ठित संघ-संस्थाहरूमा पनि आबद्ध हुनुहुन्थयो । सन् १८७६ मा उहाँ Royal Danish – Academy का सदस्य नियुक्त हुनुभएको थियो त सन् १८९० देखि च्यथर्वा ब्कष्बतष्अ क्यअष्भतथ का पनि सदस्य हुनुभयो । सन् १८८८ मा उहाँलाई बर्लिनबाट BOPP Prize को सम्मान दिइएको थियो ।

जीवनको अन्ततिर सन् १९०२ मा बिगो फाँसबलले आफ्नो आँखाको कमजोरीको कारण कोपनहेगन विश्वविद्यालयबाट प्रोफेसरको पदबाट अवकाश लिनुभयो तर पनि उहाँले आफू कहाँ रहेका अनगिन्ती हस्तलिखित ग्रन्थहरू र अन्य ग्रन्थहरूको शोध-खोज एवम् संरक्षणमा लागि नै रहनुभएको थियो । विशेषत: श्रीलङ्का, बर्मा र सियाम (थाइल्याण्ड) का प्रमाणिक बौद्ध ग्रन्थहरू प्रशस्तै रहेको थियो जुन हलसम्म पनि सबै कोपनहेगनको राजकीय पुस्तकालय (Royal Library) मा संरक्षित छन् ।

अन्तमा सांसारिक नियमानुसार मिखाइल बिगो फाँसबलले पनि ३ जून, १९०८ का दिन ८४ वर्षको उमेरमा आफ्नो जीवन परित्याग गर्नुभयो ।

❖❖❖



# श्रीयन्त्र

✍ ओम धौभडेल

प्राचीनकालदेखि नै नेपाल तान्त्रिक विद्याको केन्द्रको रुपमा प्रख्यात रहँदै आएको भूमि मानिन्छ । विशेषगरी लिच्छवि राजा जयदेव द्वितीयको शासनपछि पतन भएका नेपालका प्राचीन वस्तीहरु पुन:स्थापना गर्ने क्रममा विक्रमको नवौं शताब्दीतिर यहाँ तन्त्रको ठूलो प्रभाव परिसकेको थियो । त्यस्तै लिच्छविहरु पछि शासन गर्ने मल्लहरुको समयमा झन् तन्त्रको विकास चरम अवस्थासम्म पुगिसकेको देखिन्छ । त्यस समयमा यहाँ तन्त्रलाई आफ्नो सांस्कृतिक, राजनीतिक, सामाजिक तथा धार्मिक आस्थाको मूलविन्दु मानिदिँदा विशेष गरी यक्षमल्लपछि विखण्डित काठमाडौँ, भक्तपुर, पाटन आदि ठाउँहरु तान्त्रिक क्रियाकलापको केन्द्रविन्दु नै बन्न पुगेको थियो । त्यही भएर नेपालको इतिहासमा मल्लकाललाई तन्त्रको स्वर्णयुग नै मानिन्छ ।

त्यस समयमा यहाँ आ-आफ्नो धर्म, जाति, संस्कृति, नियम, निष्ठा, चाडपर्व, जात्रा आदिलाई समेत तन्त्रबाट नै सञ्चालन गरिएको सन्दर्भमा देवदेवीका मूर्तिहरु समेत अमूर्त रुपमा आह्वान गर्ने प्रथा चलेको थियो । लिच्छविकालमा राम्रा राम्रा कलाकृतिहरुले सजिएका मूर्तिहरु मूर्तरुपमा ढुङ्गा, काठ, माटो, धातुमा उतार्ने वैदिक परम्पराको ठाउँमा मल्लकालमा देवदेवीका मूर्तिहरु तान्त्रिक मत अनुसार यन्त्रको माध्यमबाट सिर्जना गर्ने प्रथा चलेको थियो ।

विशेषगरी ने.सं. ४४४, वि.सं. १३८१ मा देवलदेवीले सिम्रौनगढ राज्यबाट तुलजा भवानीको यन्त्ररुपी मूर्ति भक्तपुर ल्याएपछि यहाँका मल्ल राजाहरुले आफ्नो इष्टदेवताको रुपमा लिएको कारणले यन्त्रले व्यापकता लिन सकेको मानिन्छ । आफूहरुलाई रामचन्द्र कुलका मान्ने मल्लहरुले मर्यादा पुरुष भगवान रामको इष्टदेवता तुलजा भवानीलाई पनि आफ्नो इष्टदेवता मान्नु स्वभाविकै हो । यही यन्त्ररुपी तुलजा भवानीको स्थापनापछि





सर्वसाधारण जनतामा समेत तन्त्रविद्याको माध्यमबाट आफ्नो आफ्नो इष्टदेवता स्थापना गर्ने प्रथाको विकास भई यहाँ आगम मतले प्रभाव फैलाउन पाएको थियो । यसरी एकातिर आगम देवताको रुपमा यन्त्ररुपी इष्टदेवता दीक्षाधारी बाहेक यन्त्रको लागि वर्जित गरी गुह्यस्थानमा स्थापना गर्ने चलन आयो भने अर्कोतिर तान्त्रिक विधिअनुसार कुनै पनि देवदेवी स्थापना गर्दा देवदेवीको सम्मुख वा माथिपट्टी यन्त्र कुँदी देवदेवीको आह्वान गर्ने, सिद्धि साधना वा उपासना गर्ने चलन चलेको पाइन्छ । त्यस समयमा यहाँ मूर्तिमा भन्दा यन्त्रमा बढी ध्यान पुगेको आभास हुन्छ । तन्त्रको अत्यधिक प्रभाव पर्न गएपछि जटिल मूर्तिहरु बन्न पुगी मूर्तिमा अङ्गभङ्ग हुने, श्रृङ्गार पूर्ण नहुने र मूर्तिमा सिद्ध साधना गर्दा ध्यान नमिल्ने भई कतै अनिष्ट हुन्छ भनी दोष निवारणार्थ यन्त्रमा बढी झुकाव हुन पुगेको देखिन्छ ।

त्यसो त यन्त्र आफैं रहस्यपूण एवं जटिल संरचनाले युक्त भएको हुन्छ । यन्त्रको विषयमा कोलावलीय तन्त्रमा यसरी उल्लेख गरिएको छ "यन्त्र मन्त्रमय प्रोक्त मन्त्रात्मा दैवतेही ही । देहात्मनोयर्था मेदो यन्त्र देवता योस्तवां" अर्थात् यन्त्र मन्त्रमय हुन्छ । मन्त्रको आत्मा निश्चय नै देवता हुन्छ । जसरी शरीर आत्माको भेद छ त्यसरी नै यन्त्र र देवताको छ । वास्तवमा यन्त्र बन्नलाई मन्त्र चाहिन्छ भन्ने तथ्य यहाँ स्पष्ट हुन्छ । सर्सर्ती हेर्दा यन्त्रमा कुनै खास देवदेवीको मूर्ति कोरिएको हुँदैन । यन्त्रको शुभारम्भ नै विन्दुबाट भएको हुन्छ । तर हाम्रो तान्त्रिक विद्याले विन्दुलाई एउटा साधारण थोप्ला मात्र मानेको छैन । तन्त्रअनुसार यही विन्दुको संकल्प शक्तिबाट प्रकृति र पुरुषको जन्म भएको हुन्छ । अझ प्रकृतिले नै संसारको सृष्टि गरेको हुनाले प्रकृतिलाई नारीको संज्ञा दिएको छ । सारांशमा भन्नुपर्दा यस विन्दुलाई मूलशक्तिको रुपमा यन्त्रको मध्यभागमा राखेको हुन्छ । विन्दुको बाहिर तीनवटा वृत्तहरुले तीनलोकको संकेत गर्दछ । वृत्तमा भएको भुपुरहरुले द्वारको संकेत गर्दछन् । र प्रत्येक द्वारमा रक्षकको रुपमा विभिन्न देवदेवी रहेका हुन्छन् । त्यस्तै सम्पूर्ण यन्त्रलाई आठ भागमा बाँडी अष्टकमलमा विभाजित गरेको हुन्छ । तन्त्रअनुसार उक्त अष्टकमललाई नारी अर्थात् शक्तिको प्रतीकको रुपमा लिएको हुन्छ । त्यस्तै त्यसभन्दा बाहिर रहेको सोह्रवटा कमलको फूलको पातलाई चन्द्रमाको १६ कलाहरुको संज्ञा दिएको हुन्छ । यसरी बनेको यन्त्रमा शिव र शक्ति (पार्वती) लाई तादात्म्य मिलाई उच्च स्थानमा राखिएको हुन्छ ।

तान्त्रिक मतअनुसार सबै यन्त्रहरु समान प्रकारका हुँदैनन् फरक फरक प्रयोजन एवं उपासनाको लागि अलग अलग प्रकारका यन्त्रहरु प्रादुर्भाव भएको हुन्छ । जस्तै श्रीवृद्धी र लक्ष्मीवासको लागि श्रीयन्त्र, मृत्यु भयबाट जोगिन महामृत्यञ्जययन्त्र, विध्नबाधा दूर गर्न भैरवयन्त्र, आध्यात्मिक उन्नति एवं विजय प्राप्तिको लागि वंगलामुखी यन्त्र, रोग भयबाट मुक्त हुन सूर्ययन्त्र, सन्तान प्राप्तिको लागि छिन्नमस्तायन्त्र आदि यसका केही उदाहरण हुन् ।

यी सबै यन्त्रहरुमा सबैभन्दा महत्वपूर्ण र सबै यन्त्रको मूल स्रोतको रुपमा श्रीयन्त्रलाई लिने गरिन्छ । अन्य यन्त्र बिन्दुबाट सुरु भएझैं श्रीयन्त्रको शुभारम्भ मध्यभागमा रहेको श्रीबाट भएको हुन्छ । यही श्रीलाई विन्दुको रुपमा लिने र मध्य भागमा रहेको




यो विन्दुलाई सर्वआनन्दमय पनि भनिन्छ । यसले त्रिपुरासुन्दरी देवीलाई जनाउँछ । त्यस्तै ब्रह्मायणी, माहेश्वरी, कौमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी अष्टकमल दलमा रहेका हुन्छन् । प्रत्येक आम्नायमा एक एक देवी नायिकाको रुपमा रहने सन्दर्भमा उर्ध्व आम्बायमा त्रिपुरासुन्दरी देवी रहेकी छन् । यही उर्ध्व आम्नायमा शिव र पार्वतीको भेद गरी श्रीयन्त्रको संरचना भएको हुन्छ । यही संरचनालाई दृष्टिगत गरी लिच्छवि राजा आनन्ददेवले नवौं शताब्दीमा श्रीयन्त्राकार भक्तपुर शहर बसालेको तथ्य वंशावलीमा उल्लेख छ ।

यसरी प्रारम्भमा इष्टदेवताको लागि प्रयोग भएका यस्ता यन्त्रहरु पूजा एवं सिद्धिसाधनादेखि नगर बस्ती बसाउन समेत प्रयोग भएको देखिन्छ । यसबाट तत्कालीन समयमा यहाँ तान्त्रिक विद्याको बोलवाला प्रशस्त थियो भन्ने संकेत गर्छ । त्यही भएर हुन सक्छ, त्यसबेलाका प्राय:जसो सम्पूर्ण शास्त्र, पुराण, महात्म्य ग्रन्थहरु तन्त्र र यन्त्रको विषयले भरिएको हुन्थ्यो । अनि यसको प्रभाव हिन्दू धर्ममा मात्र सीमित नरही बौद्ध धर्ममा समेत प्रत्यक्ष प्रभाव परेको हुनाले बौद्ध धर्मावलम्वीहरु 'ॐ प्रज्ञा ज्याय' भनी चक्रसंवरलाई यन्त्रको माध्यमबाट आफ्नो इष्टदेवता मान्न पुगेको थियो । अचेल तान्त्रिक विद्या पाखण्डीहरुको हातमा पुगेपछि यहाँ तन्त्र, मन्त्र, यन्त्रको प्रभाव दिनानुदिन ह्रास हुँदै गइरहेको छ । जुन चिन्ताको विषय बनेको छ ।

❖❖❖

# मानसिक विकासमा विपश्यना ध्यानको महत्त्व

✍ संचित बुद्धाचार्य
मैत्रेय युवा संघ, भक्तपुर

विपश्यता साधना अत्यन्त पुरानो ध्यान विधि हो । लगभग २५०० वर्ष पूर्व भगवान गौतम बुद्धले यस विद्यालाई पुनः प्रकाशमा ल्याउनुभएको थियो । उहाँले विपश्यना विद्याद्वारा आफ्नो भित्र भवचक्रको साक्षात्कार गर्दै आफ्नो मनलाई नितान्त निर्मल गर्दै आफूलाई यस भवचक्रबाट मुक्त गर्नुभयो । फेरि आफूले अनुसन्धान गरी पत्ता लगाएको उक्त विपश्यना साधना आफू भित्रमात्रै सीमित नराखी सारा प्राणीहरूप्रति अनन्त करुणा राखी, मैत्री चित्तले आफ्नो जीवनको शेष ४५ वर्षसम्म यस विपश्यना साधना अरुलाई सिकाइ रहनुभयो । साथै आफ्ना शिष्यहरूलाईपनि धर्म प्रचारार्थ विभिन्न नगर, गाउँहरूमा पठाउनुभयो । उक्त समयमा धेरै सङ्ख्यामा मानिसहरू विपश्यनाको अभ्यासले आ-आफ्नो दुःखबाट मुक्त भए । समयका साथ साथै यो विधि, म्यानमार, थाइल्याण्ड, श्रीलङ्का आदि देशहरूमा पनि फैलियो । त्यहाँ पनि धेरै कल्याणकारी सिद्ध भयो । तर बुद्धको महापरिनिर्वाणको लगभग ५०० वर्षपश्चात् यो विद्या लुप्त भयो र यसको शुद्धता नष्ट भयो । केवल म्यानमारमा मात्रै यस विधिप्रति समर्पित आचार्यहरूको समूहले यस विधिलाई गुरु-शिष्य परम्पराद्वारा शुद्ध रुपमा संरक्षण गरिराखे । आज यो साधना विधि म्यानमारबाट भारत हुँदै विश्वमा फैलिरहेको छ ।

विपश्यना एक सरल एवम् उपयोगी ध्यानविधि हो । जसको प्रयोगबाट मनलाई वास्तविक शान्ति प्राप्त हुन्छ । पाली भाषा अनुसार 'पश्यना' शब्दको अर्थ हो 'हेर्नु' तसर्थ 'विपश्यना' शब्दको अर्थ हुन्छ विशेष प्रकारले हेर्नु । विशेष प्रकारले हेर्नु यस अर्थमा कि हामी बहिर्मुखी नभइकन अन्तर्मुखी भई अन्तर मनको स्वभाव धर्मलाई जस्तो छ त्यस्तै जान्नु । आत्म निरीक्षण गर्दागर्दै आफ्नै अनुभवद्वारा हामी के जान्दछौं भने हाम्रो मन कति असन्तुलित छ, राग, द्वेष, मोहद्वारा हाम्रो मन कति हदसम्म जकडिएको छ र मानसिक रुपमा हामी कति विक्षिप्त छौं र फेरि हामी हाम्रो व्यथाहरू आफूभित्रै सीमित नराखी अरुलाई बाँड्दै हिंड्छौं । आफू पनि सुख-शान्तिको जीवन जिउँदैनौं र अरुलाई पनि सुख शान्तिको जीवन जिउन दिंदैनौं । निश्चय पनि यो सार्थक तथा सन्तुलित जीवन होइन । हामी सबै यही चाहन्छौं कि स्वयम् सुख-शान्तिको जीवन जिउँ र अरुलाई पनि यस्तो जीवन जिउन दिउँ, तर हामी यस्तो गर्न सक्दैनौं । अतः प्रश्न उठ्छ कसरी सन्तुलित जीवन जिउने ?

**यसको उत्तर हुनसक्छ. विश्यना साधना।**

जसरी शरीरलाई स्वस्थ तथा बलवान बनाउनको लागि हामी योग, प्राणायाम, व्यायाम, खेलकुद कसरत आदि गर्छौं जसबाट हाम्रो शरीर स्वस्थ र सबल रहोस् नत्र भने यो शरीर कमजोर हुन्छ, विरामी हुन्छ । ठीक त्यस्तै मनलाई पनि स्वस्थ र सबल राख्नुपर्छ, यो त झनै महत्त्वपूर्ण छ । मन विरामी भयो भने शरीरलाई पनि विरामी गरिदिन्छ । त्यसैले मनको स्वस्थता झनै बढी आवश्यक छ । यसलाई रोगी बन्न दिनु हुँदैन, दुर्बल बन्न दिनुहुँदैन । त्यसैको लागि यो विपश्यना साधना हो । यही मनको व्यायाम हो । आखिर हामी यस्तो संसारमा बसिरहेका छौं, जहाँ बाधा नै बाधा छन्, उतारचढाव छ, कहिले जीवनमा बसन्त छ कहिले पतझर आउँदै रहन्छ । त्यसैले मन सबल भएन भने हाम्रो मनको समता गुम्दछ, सन्तुलन गुम्दछ र मन विरामी भइहाल्छ र हामी आफ्नो हानी गर्दछौं । यसै कुरालाई बुझाउन धम्मपदको चित्तवग्गोमा भनिएको छ :-

दिसो दिसं यं तं कयिरा -वेरी वा पन वेरिनं ।
मिच्छा पणिहितं चित्तं - पापियो नं ततो करे ॥ ३/१०

अर्थात् शत्रुले शत्रुलाई जति हानी पुऱ्याउन सक्छ, त्योभन्दा बढी हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।

तसर्थ हामीलाई सुख-शान्तिको अनुभव गर्नुछ र मानसिक रुपमा स्वस्थ हुनुछ भने हामीले हाम्रो अन्तरमनलाई सुधार्नुपर्ने हुन्छ । किनभने यो अन्तरमनको स्वभाव हो जसले आफूलाई मन परेमा राग जगाउँदछ, मन नपरेमा द्वेष जगाउँदछ, म मेरोको भाव जगाउँदछ, लोभ, क्रोध, इर्ष्या वासना जगाउँदछ । यी कुराहरू हामी चिन्तन-मननद्वारा र आफ्नो बुद्धिद्वारा पनि थाहा पाउँदछौं । तर यो हाम्रो मन चिन्तन-मनन र बुद्धिको कुरा सुन्दैन । यो मन त आफ्नै स्वभावको दास हो । त्यसैले हरेक क्षण प्रतिक्रिया गरिरहन्छ । तसर्थ हामी पनि मनको दास बनिरहेका हुन्छौं । जब हामी यस स्वभावलाई बदल्न विपश्यना गर्न थाल्दछौं तब हामी अन्तरमनको विकार निकाल्ने तथा यसको स्वभाव बदल्ने काम गर्दछौं । यसबाट हामी हाम्रो मनको दास नभइकन मनको मालिक बन्न थाल्दछौं । यसलाई बौद्ध साहित्यमा चार ब्रह्मविहार पनि भन्ने गरिन्छ । ती हुन् :-मैत्री, करुणा, मुदिता र अपेक्षा । पहिले जुन अवस्थामा हामीलाई क्रोध, द्वेष जाग्थ्यो अब हामी देख्दछौं कि त्यसै अवस्थामा मैत्री र करुणा जाग्छ । पहिले अरुको उन्नति र प्रगति देखेर इर्ष्या र लोभ जाग्थ्यो भने अहिले मुदिता र समता जाग्छ, यो कुरा विपश्यी साधक चाँडै नै अनुभव गर्न थाल्दछ । पक्कै पनि यो भन्दा ठूलो शान्ति र कल्याणको कुरा अरु के नै हुनसक्दछ ।

यो अत्यन्तै कल्याणकारी साधना हो । यस साधनाबाट भगवान बुद्धको समयमा धेरै मानिसहरूले लाभ उठाए भने अहिले पनि थुप्रै मानिसहरूले लाभ उठाइरहेका छन् । उदाहरणका लागि बुद्धकालीन समयमा आफ्ना एकमात्र छोराको मृत्युका कारण विक्षिप्त बनेकी कृशा गौतमी, आफ्ना सारा परिवारको मृत्युका कारण मानसिक सन्तुलन गुमाएकी पटाचरा, ९९९ जना मनुष्यको हत्या गरेका अंगुलीमाल डाकुजस्ता व्यक्तिहरू आफ्ना दुःखबाट मुक्त भए भने मन पनि निर्मल भयो । साथै त्यसबेलाका राजा-महाराजाहरू, महारानीहरू, सेनापतिहरू, राज-पुरोहितहरू, ब्राह्मणवर्ग, सन्यासीहरू, गृहस्थहरू, दास-दासीहरू, जो-जो यस विपश्यनाको सम्पर्कमा आए उनीहरूको मन निर्मल भयो र उनीहरू आफ्ना दुःखबाट मुक्त भए । त्यसैगरी अहिलेको यस समयमा पनि विपश्यनाको यस्तै प्रभाव देख्न सकिन्छ । जस्तै कि विपश्यनाचार्य श्री सत्यनारायण गोयन्काज्यूद्वारा सञ्चालित केन्द्रीय कारागार जयपुरमा १२० बन्दीहरूको ऐतिहासिक शिविर, जयपुर पुलिस विभागका अधिकारीका लागि शिविर, तिहाड जेलमा १००० भन्दा बढी कैदीहरूको शिविर, बर्मामा विपश्यनाचार्य सयाजी ऊ बा खिनले विभिन्न सरकारी विभागमा चलाइएका शिविर आदि । जसबाट विभिन्न सकारात्मक सुधारका साथसाथै अपराधी पनि समाजका असल नागरिकका रुपमा बदलिएका छन् भने सरकारी शासन प्रणाली पनि सुधिएको छ । यसका साथसाथै समाजमा यस्ता कयौं व्यक्तिहरू छन् जसले विपश्यना साधना गरेका छन् र आफ्ना दुःखमुक्त हुने मार्गमा कदम-कदम अगाडि बढिरहेका छन् ।

हामीले मनुष्यको जीवन पायौं, यो धेरै ठूलो सौभाग्यको कुरा हो । किन सौभाग्यको कुरा हो भने मनुष्यले मात्रै अन्तरमुखी भएर आफ्नो राग, द्वेष, मोहको संस्कारलाई उन्मूलन गर्न सक्दछ । यो काम कोही पशु, पन्छी, कित-पटङ्ग आदि कसैले गर्न सक्दैन । यो काम त केवल मात्र मनुष्यले गर्न सक्दछ । तर हामी मनुष्य भएर पनि यो शक्ति जगाउने कोसिस गर्दैनौं भने यो भन्दा ठूलो दुर्भाग्य के होला ? त्यसैले यो शक्ति जगाउनको लागि मनको कसरत अर्थात् विपश्यना साधना नै गर्नुपर्दछ ।

अन्तमा, म धम्मपदको यमकवग्गोको गाथा स्मरण गर्न चाहन्छु । जसमा भनिएको छ :

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया ।
मनसा चे पसन्नेन - भासति वा करोति वा ।
ततो नं सुख मन्वेति - छाया व अनपायिनी ॥ १/२

अर्थात् :- मनको धर्म हो जुनसुकै काममा अगुवा हुनु र मन प्रमुख भएर जताततै पुगेको हुन्छ । त्यसकारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पीछा नछाड्ने छायाँझैं सुख पछि पछि लागेर आउँछ । तसर्थ हामीलाई मानसिक तथा शारीरिक रुपमा स्वस्थ र सबल राख्ने तथा विमुक्त अवस्था अर्थात् निर्वाण पथसम्म पनि पुऱ्याउने यस कल्याणकारी विपश्यना साधना सबैलाई प्राप्त होस् भन्ने मङ्गल कामना गर्दछु ।

'भवतु सब्ब मंगल'

पुस्तक परिचय

# '२१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?' पढ्दा

✍ विष्णुगोपाल कुशी

यो विज्ञान र प्रविधिको युगमा मानिस असल र इमानदार होस्, भक्तिमार्गमा भन्दा बढी ज्ञानमार्गमा लाग्न सकोस्, स्वार्थी बन्नुभन्दा सहयोगी भई सेवामूलक कार्य गरोस्, मेवा खानको लागि सेवा गर्ने होइन असल मान्छे बनी सेवा कार्यमा लाग्न सकोस् भन्ने उद्देश्य राखी बौद्धिक विद्वान एवम् लेखक भिक्षु अश्वघोषले '२१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?' पुस्तक लेखे । उक्त पुस्तक त्याग र तपस्याविना राज्यको नेतृत्व गर्न सकिन्न, असल प्रजातान्त्रिक परिपाटीका लागि पहिलो शर्त निःस्वार्थ र इमानदार राजनेता र कार्यकर्ताको भूमिका हो भन्ने मान्यता राख्ने दुर्गादास रञ्जितले यो पुस्तक प्रकाशन गरेका हुन् । राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमा इमानदारिता हुनुपर्छ, प्रजातन्त्र कानुनी रुपमा ठीक भए पनि व्यवहारमा लागू हुन सकेको छैन, चुनावमा जितेपछि सरकारमा जानैपर्ने प्रवृत्तिले विकृति जमाएको छ, सिद्धान्त र आदर्श त्यागेर द्वन्द्व वा अस्वस्थ प्रतिस्पर्धाका सौदाबाजी भइरहेको छ, सहिदको रगत बगेर आएको प्रजातन्त्रलाई संस्थागत नगरी आफ्नो कर्तव्य भुलेकोमा असन्तोष व्यक्त गर्दै सफल देश र प्रजातन्त्रको रक्षा गर्न नेताहरूमा सद्बुद्धि आओस् भन्ने कामना प्रकाशक रञ्जितकारको छ ।




बुद्ध परम्परावादी होइन, मौलिक विचारक हुन्, उनी प्रत्यक्षदर्शी अनुभवी हुन् । बुद्ध परम्परा र रुढीवादीका विरोधी हुन् । उनले नयाँ संस्कृति र नयाँ विचार ल्याए । सामाजिक र सांस्कृतिक परिवर्तनमा उनको ठूलो देन छ । हुन पनि दरवारको सुख सयलको बाटो छाडी बहुमत जनताको हित र सुखको बाटोमा लाग्नु सिद्धार्थ गौतमको महानता हो । उनी राजसंस्कृति छोडेर जनसंस्कृति र समता ससंस्कृतिमा लागे । यो उनको त्यागको उदाहरण हो । साँच्चै उनी असलै असल मान्छेको समाज बनाउन चाहन्थे । असल मान्छेको समाज बनाउन नै उनी लागिपरे । भविष्यको ख्याल गरेर उपदेश दिनु, दुःखको कारण पत्ता लगाई सुखको बाटो रोज्नु, इमानदारीसाथ परिश्रम गरेर कमाउन निर्देशन दिनु आदि सबै कारण मानिसको राम्रो आचरणकै निमित्त हो । खराब आचरण छोडाएर हृदय परिवर्तन गर्न नै हो । कसैको कुरा ठीक छ कि छैन, हुन्छ वा हुँदैन, पछिसम्म हित हुने हो वा होइन, विचार गरेरमात्र त्यसलाई शिरोपर गर्नुपर्ने विचार सिद्धार्थ गौतमको हो । उनले अन्धपरम्परामात्र होइन जातिवादको विरोध गरे । बुद्ध विलासी जीवनका विरोधी थिए । नर्कको भय र स्वर्गको लोभले धर्म गर्न नहुने उनको मान्यता हो । उनी आफ्नो व्यवहार र चालचलन राम्रो गर, आफ्नो दोष र गल्ती देख, कुरा गर्न जान्दैमा ज्ञानी हुँदैन भन्थे । सिद्धार्थ गौतम बुद्धत्व प्राप्त गरेपछि कहिले पनि समाजबाट अलग

भएनन् । उनको समय मानिसको जीवन राम्रो बनाउन, मानिसलाई सच्चरित्र बनाउनमै बितेको थियो ।

शाक्यमुनि बुद्ध समयअनुसार अघि बढ्नुपर्छ भन्ने मान्यता राख्ने दूरदर्शी थिए । उनी जहिले पनि बहुजनको हित हुने कुरा गर्थे, उपदेश बाँड्थे । लापरबाही नहुनु या होसियारीपूर्वक बस्नु उनी बारम्बार आग्रह गर्थे । उनी आफ्नो ज्ञान अरुलाई बाँड्ने या बताउँथे । आफूभैं अरुलाई पनि बोध गर्ने उनको बानी नै हो । विद्या खर्च गर्दा बढ्छ भन्ने संस्कृतिमा आहान नै छ । राजपरिवारको विलासीपूर्ण जीवन र साधारण जनताको सामान्य जीवनबीच असमानता देखेर नै उनले राजदरवार छोडेर जनताको हित चित्तमा लागेर वैशाख पूर्णिमाको दिन सङ्घर्षमय जीवनको यथार्थताको ज्ञानबोध गरे । उनले राजदरवार त्याग्नुको अर्थ आफ्नो व्यक्तिगत सुख र मुक्तिको लागि होइन अज्ञानी र दु:खीहरूको उद्धारको लागि हो । पुरानो संस्कार र अन्धविश्वास नत्यागेसम्म या मानिसमा हृदय परिवर्तन नभएसम्म असल समाज नपाउने उनको चिन्तन हो । हुन पनि विकृति र कुसंस्कार रहेसम्म असल समाज र असल मान्छे बन्दैन । पैसा कमाउनु र घर बनाउनु गलत होइन, त्यो तृष्णा होइन तर रातारात करोडपति बन्नु तृष्णा हो भन्ने विचार बुद्धको हो ।

बुद्ध गलत मान्छेलाई ठाउँमा ल्याउन आलोचना गर्थे । आलोचना गर्नु विरोध होइन, बरु गल्ती सुधार्ने उपाय हो । तर आजभोलि दलबीच विरोधको लागि विरोध भइरहेको छ । आफ्नो दलको सिद्धान्त र विचार जनतामाझ नपुऱ्याई, नबताई नेताहरू लोभलालच बाँड्दैछन् । मंसिर ४ गते हुन गइरहेको संविधानसभाको निर्वाचन संविधान बनाउन हो । संविधान बनाउन नै यो निर्वाचन भएको हो । तर आफूलाई ठूला भनिने दलले संविधानसभाको निर्वाचनमा जनताको हित हुने संविधानको चर्चाभन्दा मधेसी जनताले मत राखे राष्ट्रपति या प्रधानमन्त्री बन्ने सपना बाँडे । निर्वाचन नहुँदै, निर्वाचनको परिणाम नआउँदै राष्ट्रपति बन्ने सपना बाँड्नु के लोभ देखाएको होइन ? संविधानसभाले शक्तिशाली राष्ट्रपतिको बन्दोबस्त गर्छ कि गर्दैन ? राष्ट्रपति बन्न चाहेका नेताले अधिकारविहीन राष्ट्रपति बन्न मान्छ कि मान्दैन सोको टुङ्गो नलाग्दै राष्ट्रपति बन्ने कुरा जनतामाझ बताउनु के सद्बुद्धिको परिचय हो ? चुनाव सम्पन्न भएपछि प्राप्त मत या सीटको आधारमा सरकार बन्छ, राष्ट्रपति र प्रधानमन्त्री हुन्छन् । विगतमा भैं सहमतिको आधारमा सरकार गठन भएको हुनसक्छ । तब को राष्ट्रपति या प्रधानमन्त्री हुने हो, अहिल्यै टुङ्गो लाग्ने होइन । अहिले तिनै ठूला दलका नेताहरू आ-आफ्नो दलको बहुमत नपाए संविधान बन्दैन भनी संविधान नबनाउने जाल फ्याक्दैछन् । संविधानसभाको उद्देश्य कुन दल बहुमत कुन दल अल्पमत ल्याउनेभन्दा संविधान बनाउने नै हो । कुनै दलले बहुमत होइन एक सीटमात्र जिते पनि संविधान बनाएर छाड्ने प्रतिबद्धता गर्नुपर्छ । जनताको चाहना पनि कुन दल ठूलो र सानोभन्दा जनताको संविधान बनाउनु नै हो ।

बुद्धको विचारमा मानिसको जीवन सुखमय हुन पवित्र भावना हुनुपर्छ । हृदय पवित्र नभइकन जुन काम गरे पनि प्रतिफल राम्रो हुनसक्दैन । बुद्धले जनकल्याणतिर ध्यान दिएका थिए । जनतालाई पर्याप्त साधन र काममामको व्यवस्था भए आर्थिक चिन्ताबाट मुक्त हुन्छ । जनताको आर्थिक दशा अन्त्य गर्नेतर्फ नै बुद्धको विचार केन्द्रित हुन्थ्यो । अब बन्ने संविधानसभाको निर्वाचनमा बहुमत जनताको हित हुने संविधानबारे जनतालाई सुसूचित पार्नुपर्ने हो । टुहुरा-टुहुरी, अपाङ्ग, विधवा, बिरामी र आफन्तविनाका असहाय नागरिकहरूको जीवन सुरक्षाको व्यवस्था गर्न, उपचारविना कुनै नागरिक मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकलाई समान रुपले नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार प्रदान गर्न दलहरू जनतामाझ आउनुपर्ने हो । ज्येष्ठ नागरिकलाई जीवनको सुनिश्चितता दिन नि:शुल्क उपचारको बन्दोबस्त गर्न र आदर निकेतनको सुविधाको अधिकार दिन, 'योग्यताअनुसार काम र कामअनुसारको ज्याला' को सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगार दिनेतर्फ दलहरूको ध्यान जानुपर्ने हो । समतामूलक समाज निर्माणको नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्न, दूधे बालबालिकाको निमित शिशुशाला र खेल्ने बालबालिकाको निम्ति बालोद्यानको बन्दोबस्त, कलकारखाना, कार्यालय, गाविस र नगरपालिकाको हरेक वडा र गाविस तथा अन्य आवश्यक ठाउँमा बन्दोबस्त गर्ने प्रावधान संविधानमा उल्लेख भए पक्कै पनि जनकल्याण हुनेछ,

बहुमत जनताको हित हुनेछ । तर यसतर्फ ठूलो दलको ध्यान गएको छैन ।

संसारमा आर्थिक असमानता बढ्दै छ । बहुसङ्ख्यक जनता अझै दुःखी छन् । यो विषमता नहटाइकन जनताले कसरी न्याय, समानता र अधिकार पाउँछन् ? मार्क्सले प्रतिपादन गरेको वर्गसङ्घर्ष पनि त्यसकै सिलसिला हो । सङ्घर्ष गर्ने या आन्दोलन गर्ने रहर त्यसै कसैलाई हुँदैन, त्यो बाध्यता हो । सम्झाइ बुझाइ गरेर यो संसारमा अनि नेपालमा बहुजनको हित सम्भव छैन । यदि त्यो सम्भव हुँदो हो त अहिले जनताको जीवनस्तरमा समानता हुनुपर्ने हो तर भएको छैन । बरु आर्थिक असमानताको खाल्डो गहिरिँदै छ । घूस, कमिसन, कालाबजारी बढेको बढ्यै छ । भ्रष्टाचारले देश बद्नाम छ । भ्रष्टाचारकै कारण दलहरू बद्नाम छन् । भ्रष्टाचार अन्त्य गर्न धेरै नेता, समाजसेवी, बुद्धिजीवीहरूले भाषण गरे, ध्यानाकर्षण गरे तर कानमा बतास लाएको होइन । त्यस्तो अवस्थामा परिवर्तनले मात्रै सम्भव हुन्छ । देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्ने, इमानदारीपूर्वक आफ्नो कर्तव्य पालना गर्ने र बहुमत जनताप्रति समर्पित दल या नेताले मात्रै त्यो काम गर्छन् । सिद्धार्थ गौतमले पनि आर्थिक समानताकै निम्ति काम गरेका थिए । तर बुद्धले सङ्घर्ष नगरिकनै प्रेम, करुणा र मैत्रीपूर्ण वातावरणमा समानता ल्याउने, सम्झाइ बुझाइमा हृदय परिवर्तन गरेर जनताको सुख र सेवा पुऱ्याउने विचार अघि सारे । आखिर उनको विचार पनि बहुमत जनताको सेवा नै हो ।

बुद्धले आफ्नो विचार या भनाइलाई कहिल्यै अन्धो समर्थन गर भनेनन् । आफ्नो भनाइलाई आफ्नो बुद्धिको कसीमा दाँजेर हेर अनिमात्र विश्वास गर भने । कसैले लेख्दैमा र भन्दैमा एकैपटक विश्वास नगर्नु भन्ने उनको कथन हो । बुद्धले विश्वमा स्थापना गर्नुभएको धर्म भनेको मानव धर्म हो, जुन धर्म बहुजनको हितमा छ । बुद्धले दुराचार भएर एक सय वर्ष बाँच्नुभन्दा सदाचार बनेर एकदिन बाँच्नु नै श्रेष्ठ मानेका छन् । भ्रष्टाचारी र शोषक भएर बस्ने मान्छे समाजमा बस्न र बाँच्न लायक छैन भन्ने उनको मर्म हो । अतः बुद्धको शिक्षाको मूल उद्देश्य अज्ञानी, खराब मानिसको हृदय परिवर्तन गर्नु हो, असल मान्छे बनाउनु हो ।

बुद्धले आदर्शको कुरा सुनेर, बुझेर पनि सज्जनहरूको सङ्गत नगरिकन बस्ने, काम ढिलासुस्ती गर्ने, झूटा आश्वासन दिने, बद्मासलाई हाँकधाकपूर्ण रवाफ देखाई अरुलाई शोषण, दमन गर्ने, परस्त्रीको अस्मिता लुट्ने, बलात्कार गर्ने, रक्सीबाज हुने, जुवाडे हुने, गर्नुपर्ने काम नगरी अल्छी मानेर बस्ने जस्ता व्यक्तिहरू समाजमा पतन हुने बताए । बुद्धको भनाइ र अनुभवमा मन शुद्ध हुनुपर्छ, पवित्र र स्वच्छ हुनुपर्छ । हामीबाट गल्ती हुनसक्छ । गल्ती भयो भनेर गल्तीमा डुबुल्की मार्नुभन्दा सच्याउनुपर्छ र फेरि त्यस्तो गल्ती नदोहोऱ्याउने वाचा गर्नुपर्छ । अनि राम्रो जीवन बन्छ, जीवन बनाउन प्रेरणा मिल्छ । वर्तमान राम्रो भएपछि भविष्य पनि राम्रो हुने ऊर्जा पाउँछ । पश्चाताप र महत्त्वाकाङ्क्षाले पनि चित्तलाई पिरोल्छ, पीडा बनाउँछ ।

जनताको आर्थिक जीवन सुधार्नुपर्छ, आर्थिक जीवन समुन्नत बनाउनुपर्छ । जनता आफ्नो आर्थिक जीवन सुधार्न चाहन्छन् । तर चाहेअनुसार हुँदैनन् । आफूसँग स्रोतसाधन, सीप, ज्ञान नभइकन कसरी आर्थिक जीवन समुन्नत हुन्छ । देशमा अधिकांश जनता गरिब हुन्छन्, हेपिएका हुन्छन् । वास्तवमा तिनीहरू नै इमानदार, सोझा छन्, तिनीहरू नै शोषणका शिकार हुन्छन् । अतः सबै प्रकारका अपराध, भ्रष्टाचार, हत्या, चोरीको कारण गरिबी हो, निर्धन हो भन्ने भनाइले शोषित पीडित जनता नै अपराधी, भ्रष्टाचारी, हत्या र चोरीमा संलग्न भएको जस्तो हुन्छ । सामाजिक अपराध गर्ने, भ्रष्टाचारी, हत्या गर्ने, चोरी चकारी गर्ने, मूर्ति चोर्ने गरिबभन्दा धनाढ्य नै हुन् । गरिबले करोडौं, अरबौं भ्रष्टाचार गर्नै सक्दैनन्, घुस खानै सक्दैनन्, हत्यामा लाग्दैनन् । आज भोलि त पेशेवर नै छन्-हत्या र बेपत्ता पार्नेमा संलग्न व्यक्तिहरू । आज नेताहरू नै भ्रष्टाचारको दलदलमा फसेका छन् । तिनीहरू नै जेलमा कोचिएका छन् । महिला बेचबिखन गर्ने, वेश्यालय पुऱ्याउने धनाढ्य नै परेका छन् ।

'२१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?' पुस्तक पढेपछि यिनै कुराको अनुभव हुन्छ । समाजमा सत्‌विचार छर्ने, छर्न लेख लेख्ने भिक्षु अश्वघोष र पुस्तक प्रकाशन गर्ने दुर्गादास रञ्जितलाई धन्यवाद नदिइरहन सक्दैन । पुस्तकमा रहेका विचार अनुकरणीय छ ।

❖❖❖

# समाजसेवी श्री गोपीकृष्ण प्रजापतिको छोटो चिनारी



भक्तपुर नगरपालिका वडा नं. ९ चोछें तुछिमला टोलमा वि.सं. १९९२ चैत्र शुक्ल अष्टमीको दिन कान्छी प्रजापतिको कोखबाट गोपीकृष्ण प्रजापतिको जन्म भएको हो ।

बालककालदेखि नै शान्त स्वभावका श्री प्रजापति सार्है मिहेनती तथा इमानदार हुनुहुन्थ्यो । उहाँ १ वर्षको नाबालक छँदा वि.सं. १९९३ असार शुक्ल पञ्चमीको दिन उहाँको बुबा गोपाल प्रजापतिको निधन भयो । बुवाको निधनपछि आमा छोरा दुवै बेसहारा हुन पुगे । जीवन बिताउन कष्ट हुन थाल्यो । कष्टपूर्ण जीवन बिताउनु परे तापनि आमाको माया ममताबाट गोपीकृष्ण हुर्कँदै गयो । तुछिमला बस्ने कृष्णभक्त कायष्ठले उहाँलाई कखरा पढाउनुभयो । तर विद्यालय गई विद्याध्ययन गर्न पाउनुभएन । मिहेनत र परिश्रमबाट कहिल्यै नथाक्ने आमा कान्छी प्रजापतिलाई सघाउन १६ वर्षको उमेरमा ज्यामी काममा लाग्नुभयो । विभिन्न स्थानमा हुने निर्माण तथा जिर्णोद्धार कामबाट पाएको ज्याला आमालाई बुझाइ दिनुहुन्थ्यो । आमालाई खुशी पार्नुहुन्थ्यो । आमा कान्छी प्रजापतिले पनि ज्यालादारीमा च्युरा कुट्ने, कपडा बुन्ने, खेतीको समयमा रोपाहा हुने र गोडमेल गर्नेजस्ता कामको ज्यालाले आमा-छोराको जीवन हलुँगो हुन्थे ।

२० वर्षको लक्का जवान भइसकेपछि डकर्मी काममा श्री प्रजापति जानुभयो । नयाँ घर निर्माण गर्ने पुराना घरहरू जिर्णोद्धार गर्ने काम थाल्नुभयो । करिब ८/९ वर्ष निर्माण कार्यमा निरन्तर लागेपछि उहाँले डकर्मी काममा दक्षता हासिल गर्नुभयो ।

२०१४ साल मंसिर महिनामा तुछिमलामै बस्ने कृष्णबहादुर अवाल र ज्ञानक्वारी अवालकी छोरी कृष्णकेशरी प्रजापतिसँग उहाँको विवाह भयो ।

मानिसले इमान नछोडी निरन्तर परिश्रम गर्दै गए कहिल्यै दुःख हुँदैन भन्ने विचार राख्नुहुने गोपीकृष्ण प्रजापतिले आफू २८ वर्षको उमेर पुग्दा सिमेन्टको सामानहरू बनाउन थाल्नुभयो । त्यसैबेला सिमेन्टको पाइपहरू बनाउने ठेक्का पनि पाउनुभयो । उहाँले बनाउनुभएको सिमेन्टको पाइपहरूले विभिन्न टोलका चोकहरूमा सफा गर्न मद्दत पुग्यो ।

आफूले कमाएको आम्दानी सबै नसिध्याउनु, बचत पनि गर्नु । कुसंगत तथा कुबाटोमा नलाग्नु सामाजिक काममा पनि आफूले सकेको सहयोग गर्नु भन्ने आमाको शिक्षालाई व्यवहारमा लागू गर्नुहुन्थ्यो । आमाको त्यही प्रेरणाबाटै श्री प्रजापतिज्यू सामाजिक काममा पनि लाग्नुभयो ।

बुद्ध धर्ममा आस्था राख्ने आफ्नी आमाबाट बुद्ध शिक्षा पाउनु भयो । बौद्ध विहारहरूमा गई भिक्षुहरूबाट हुने धर्म देशनामा सहभागी हुनुभयो साथै विभिन्न पेशाहरूमा संलग्न हुनुभयो ।

वि.सं. २०३० सालमा मेट्रिक नाप तौल तराजु मिटर, लिटर, केजी, टन जस्ता प्रणाली व्यवस्था लागू गर्न र नेपाल सरकारको उद्देश्य पूरा गर्न उहाँलाई दिइएको डिलरको जिम्मा लिनुभयो । साथै २०३२ सालदेखि ईंटा उद्योगको पेशा सम्हाल्नुभयो ।

वि.सं. २०४४ सालमा काभ्रे जिल्लाको पलांचोक भगवती स्थानमा धर्मशाला निर्माण गर्नुभयो भन्ने भक्तपुरको हनुमान घाटमा पनि पाटी जिर्णोद्धार गर्नुभयो ।

**विभिन्न संघ-संस्थामा संलग्न तथा सम्मान**

१) २०३९ सालमा ईंटा भट्टा संघमा अध्यक्ष

२) २०४४ सालमा लायन्स क्लबको सदस्य

३) २०४५ सालमा नेपाल रेडक्रस सोसाइटीमा आजीवन सदस्य

४) २०५८ सालमा हनुमानघाट सामाजिक सेवा समितिको सल्लाहकार सदस्य

५) बालबोध शान्ति प्रावि प्रभात माध्यमिक विद्यालय, शारदा क्यामपस तथा वाइज ल्याण्ड ई. स्कूलका सञ्चालक समितिका सदस्य

**६. प्रशंसा तथा सम्मानपत्र**

क) २०६२ सालमा ईंटा उद्योग व्यवसायी संघबाट हनाबना सम्मान

ख) २०६२ मा जनदरिष्ठ समाज कल्याण सेवाबाट अभिनन्दन तथा सम्मान

ग) २०६४ सालमा राष्ट्रिय प्रजापति समाजबाट सम्मान

घ) ०६६ सालमा नेपाल क्षयरोग निवारण संस्थाबाट प्रशंसा सम्मानपत्र

ङ) २०६४ सालमा राष्ट्रिय प्रजापति समाज थिमिबाट अभिनन्दन तथा सम्मान

च) प्रभात इ. सेकेण्डरी स्कूल महाकाली ब्यासीबाट प्रशंसा तथा सम्मान

छ) २०६७ सालमा नेपाल ईंटा उद्योग महासंघ काठमाडौंबाट दोसल्ला ओडाइ सम्मान

ज) २०६७ सालमा राष्ट्रिय प्रजापति समाज केन्द्रीय कार्यालयबाट सम्मान

झ) २०६७ सालमा नेपाल सरकार शिक्षा मन्त्रालय केशर महल काठमाडौंबाट राष्ट्रिय शिक्षा दिवस २०६७ सालको उपलक्ष्यमा प्रशंसा तथा सम्मान

**७. अक्षयकोष :**

क) २०६० सालमा ख्वप कलेजका गरिब तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति अक्षयकोष स्थापना

ख) २०६१ सालमा आमा कान्छी प्रजापतिको नाउँबाट ख्वप कलेजलाई २ रोपनी ४ आना जग्गा प्रदान

ग) २०६५ सालमा शारदा क्यामपस कमलविनायकको भवन निर्माण गर्न रु. १५००००।- अक्षरेपी एकलाख पचास हजार रुपैयाँ प्रदान

घ) २०६५ सालमा क्षयरोग भक्तपुर शाखा सञ्चालन हेतु अक्षयकोष स्थापना

ङ) २०६६ सालमा बौद्ध दर्शन अध्ययन समाजको संस्थापक सदस्य

❖❖❖

बलियोले निर्बललाई शोषण गर्नु
दु:खकष्ट दिनु धर्म होइन।

*- भिक्षु अश्वघोष*

# मानिस पतन हुनाका कारणहरु



✍ ज्ञानबहादुर मानन्धर

संसारमा अनेक प्रकारका मानिसहरु हुन्छन् । सबै मानिसहरुलाई के गर्दा उन्नति र के गर्दा अवनति हुन्छ भन्नेबारे सही ज्ञान हुँदैन । आफूले गरिराखेको कामहरु राम्रो हो वा नराम्रो भन्ने कुरा प्राय: आफूले थाहा पाउँदैनन् र थाहा पाउन कोसिस पनि गर्दैनन् । आफू सही बाटोमा हिंडी राखेको छ वा गलत भन्नेबारेमा पनि उसलाई कुनै चासो र हेक्का हुँदैन ।

कोही मानिसहरु हिंसाकर्म गर्छन् -तास जुवा खेल्छन् । मद्यपान गर्छन । त्यस्तै व्यभिचार गरेर पनि हिंड्छन् । अनावश्यक झै-झगडा गरिराखेका हुन्छन् र अरुलाई जसरी हुन्छ ठग्ने मनसाय राखी काम कुरो गरिरहन्छन् । यी कामहरुलाई उसले नराम्रो र गलत बाटो भनेर थाहा पाएर पनि थाहा नपाएजस्तो गरिरहन्छ । यी कार्यहरु गर्ने क्रमशः उसको बानी हुँदै जान्छ । यी कार्यहरुले गर्दा पैसाको साथै समयको पनि बर्बाद गर्छ । उसमा रोगहरु पनि देखापर्छ ।

घरमा कलह झै-झगडा भइ नै रहन्छ । समाजमा उसलाई सबैले निन्दा गर्छन् । पछि गएर यसले कामहरु छोड्न उसलाई अति गाऱ्हो हुन्छन् । त्यसैले प्रत्येक व्यक्तिले त्यस्तो नराम्रा कामहरु र गलत बाटोहरु समयमै चिनेर (पत्ता लगाएर) त्यस्ता कामहरुलाई छोड्न सक्नुपर्छ । त्यसको सट्टा राम्रा-राम्रा कामहरु गर्दै जानुपर्दछ । यी विभिन्न नराम्रा कामहरुले मानिसहरुलाई अवनति तथा पतनको बाटोतिर धकेलिदिन्छन् । गौतम बुद्धले २६०० वर्ष पहिले गाउँ गाउँ, नगर-नगर चारिका गर्दै जीवनभर बहुजन हित र मंगल हुने र अमंगल (अवनति तथा पतन) हुने कारणहरुको बारेमा उपदेश पराभव सूत्रमा दिनुभएको छ । यहाँ (अवनति वा पतन) हुने जानकारी दिनुभएको उपदेशको मात्र उल्लेख गर्दैछु -

१) जो व्यक्तिलाई धर्म मन पर्छन्, उसलाई उन्नति र लाभ हुन्छन् तर धर्म द्वेषीको पराभव (अवनति) हुन्छन् ।
२) जो व्यक्तिलाई असत्पुरुष मन पर्छन् सत्पुरुष मन पर्दैनन् त्यसरी नै जसले असत्पुरुषहरुको धर्मलाई मन पराउँछन् त्यो नै उसको अवनतिको कारण हो ।
३) जो व्यक्ति निन्द्रामा मस्त रहन्छन् उद्योगी हुँदैनन्, अल्छी र क्रोधि हुन्छन् त्यो नै उसको अवनतिको कारण हो ।
४) जो व्यक्ति समर्थ भएर पनि वृद्ध आमा-बाबुको सेवा गर्दैनन् त्यो नै उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।
५) जो व्यक्तिले पापरहित ब्राम्हण, श्रमव वा अरु याचकहरुलाई झुटो कुरा गरी ठग्ने गर्छन् त्यो नै उसको अवनतिको कारण हो भनेर बुझ्नुपर्छ ।
६) जो व्यक्तिले सुन-चाँदी, रुपैयाँ पैसा खानपिन आदि धेरै सम्पत्ति भएर पनि आफूमात्र मीठो खाँदै बस्ने गर्छन् र दान आदि गर्दैनन् त्यो नै उसको अवनतिको कारण हो ।
७) जुन व्यक्तिले जातको, धनको र गोत्रको अभिमान गर्छन् फेरि आफ्ना बन्धुहरुको अपमान गर्छन् त्यो नै उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।
८) जो व्यक्ति आइमाइहरुको पछि लागिरहन्छन्, जुन व्यक्ति जुवाडे र जड्याँहा छ फेरि आफ्नो सम्पत्ति जथाभावी सिध्याउँछन्, त्यो नै उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।
९) जो व्यक्ति आफ्नो स्त्रीबाट सन्तोष नभई परस्त्रीसँग सम्बन्ध राख्छन्, त्यो नै उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।
१०) जो व्यक्ति वृद्ध भएर पनि तरुणी केटीसँग विवाह गर्छन्,

त्यो नै उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।

११) जो व्यक्तिले लालची र सम्पत्ति नाश गर्ने केटा वा केटीलाई ढुकुटीको जिम्मा, नियुक्त गर्छन् त्यो नै उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।

१२) जुन व्यक्तिले क्षेत्रीय कुलमा जन्म भएर पनि अल्प सम्पत्ति भयो भनी लोभि भएर राज्य विस्तारको समेत इच्छा गर्छन् । त्यो उसको अवनतिको कारण हो भनेर जान्नुपर्छ ।

अन्तमा, अवनति अर्थात् पतनतिर पठाइदिने माथिका यी कारणहरुलाई सचेत मानिसहरुले एकपटक चिन्तन मनन गर्नु आवश्यक छन् त्यस्ता नराम्रा कुलतबाट बच्न बुद्धका उपदेशहरुलाई प्रत्येक व्यक्तिले अगाँलिदै जानुपर्ने कुरालाई आत्मसात गर्न सक्नुपर्छ । यी अवनतितिर धकेलिदिने अकुशल (खराब) कामहरु छोडी कुशल (राम्रो) कार्यहरु गर्दै जानु नै उन्नतिको बाटोतर्फ लाग्नु हो । सबै मानिसहरुले कडा मेहनत गरी आफूले गर्नुपर्ने कर्तव्य इमानदारीका साथ गर्नुपर्छ । अत: प्रत्येक मानिसहरुले पतनतर्फ जाने कि उन्नतितर्फ जाने आ-आफैले तय गरी सक्नुपर्छ नत्र पछि पछुताउनुपर्ला है ।

(भवतु सब्ब मंगल)



उद्‌गार

'आजको वैज्ञानिक आवश्यकतालाई सुहाउने यदि कुनै धर्म छ भने त्यो हो - बौद्ध धर्म ।'

'विज्ञान विनाको धर्म लङ्गडो छ, धर्म विनाको विज्ञान अन्धो छ ।'

*- अल्बर्ट आइन्सटाइन (सन् १८७९-१९५५)*

-----------------------------------------

'आज यो वैशाख-पूर्णिमाको दिन म बुद्धको जन्मोत्सव मनाउन आएको छु अनि उनीप्रति शिर झुकाउन जसलाई मेरो हृदयान्तरमा यस जगतको सर्वश्रेष्ठ पुरुष ठान्दछु । मेरो श्रद्धा यो उत्सव अनुरुप देखावटी होइन । मेरो अन्तरात्मामा बारम्बार चढाइरहेको श्रद्धाञ्जली नै आज यहाँ पनि चढाइरहेको छु । एकपल्ट बोध-गया हेर्न गएको थिएँ । जसको पद-स्पर्शले यो पृथ्वी पवित्र भएको थियो उनी स्वयम् यो ठाउँमा शरिर र आवागमन भएको कुरा सम्झँदा म रोमाञ्चित भएँ । दु:खित भएर सम्झेँ, किन म उनको जीवनकालमा जन्मिनँ जसमा उनको पवित्र आशिर्वादलाई मेरो तनमनले प्रत्यक्ष ग्रहण गर्दो हो ।'

*- रवीन्द्रनाथ टैगोर (सन् १८६१-१९४१)*

*(१८ मई १९३५ का दिन महाबोधि-सभाद्वारा कलकत्ताको धर्मराजिक विहारमा आयोजित २४७९ औं वैशाख -महोत्सवमा दिनुभएको प्रवचनको सुरु अंश)*

# कालामसूत्रको सदुपयोग



✍ तुल्सीकाजी मानन्धर

धेरैजसो मानिसहरु धर्ममा विश्वास राख्छन् । त्यसैले कुनै न कुनै धर्म सम्प्रदायहरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष आवद्ध भइराखेका हुन्छन् । सबैले आ-आफ्नो आस्था र विश्वास परम्पराअनुसार पूजापाठ, जपतप आदि गर्छन् । त्यस्तै आ-आफ्नो धर्मको बारेमा अध्ययन अध्यापन पनि गरिराखेका छन् ।

हाम्रो देश नेपालमा पनि हिन्दू, बौद्ध, इस्लाम, किराँत, इसाइ, र जैन आदि धर्महरु मान्दै आइरहेका छन् । धर्म मान्ने अधिकार प्रत्येक व्यक्तिको आस्था र विश्वास राख्नु सबैको नैसर्गिक, मौलिक अधिकार पनि हो ।

धर्मको नाउँमा समाजभित्र विभिन्न विकृति, विसङ्गति पनि भित्रिराखेको देख्न पाउँछौं । जस्तै छुवाछुत, जातीय भेदभाव, निराहार व्रत, बलि प्रथा, चाँडवाडमा विभिन्न तडकभडक र देखासिकी गरी धेरै सम्पत्ति विदेशिएका छन् ।

कसैले भनेको भरमा तुरुन्तै विश्वास गरिहाल्ने र कसैको कुराको लहैलहैमा लागेर धर्म गर्ने परम्परा पनि बसिसकेको छ । त्यसैले फाइदा भन्दा पनि बेफाइदामात्र हुन्छ । जुन मनुष्यलाई बुझ्नुपर्ने हो, त्यसलाई नबुझी आफ्नो जीवन खेर फालिराख्छन् । अन्धभक्त र अन्धविश्वासले मानसिक सुख, शान्तिको बदला अशान्ति र दु:खतिर धकेलिंदै गइराखेका छन् । जसले आफ्नो र अरुको जानी नजानी अहित गरिराखेका हुन्छन् ।

धेरैजसो मानिसहरु मनको भय-त्रास, लोभलालच र वरदान पाउनलाई मात्र धर्मकर्म गर्ने चलन बसिसकेको छ । धर्म गर्ने र मान्ने भनेको प्रत्येक व्यक्तिलाई मनैदेखि सुख, शान्ति पाउनको लागि हो । त्यस्तै अभय र निर्धक्कसँग बाँच्नको लागि हो । धन-सम्पत्ति भनेको आफ्नो स्वपरिश्रमले मात्र सफलता हासिल गर्न सकिन्छ । त्यसको निम्ति मेहनत नै गर्नुपर्छ । अरु कसैको भर पर्नुहुँदैन । धर्मको मर्म र महत्त्व बुझी सकेपछि मात्र मान्नु, त्यस्तै आस्था र विश्वास गर्नु राम्रो हुन्छ ।

धर्मको सही पहिचानको बारेमा अङ्गुतर निकाय कालाम सूत्रमा एक समय भगवान बुद्ध भिक्षुसंघका साथ चारिका गर्दै केशपुत्र भन्ने कालामहरुको निगम (नगर) मा पुग्नुभयो । बुद्धको दर्शन गर्न कालामहरु जम्मा भए । त्यसपछि साक्षात्कार गर्ने क्रममा बुद्धसँग कालामहरुले सोधे-भन्ते ! यो निगम (नगर) मा हामीले धेरै धर्मगुरुहरूसँग साक्षातकारको अवसर पायौं । तिनीहरुले आ-आफ्नो ( वाद) मात्र ठीक भन्छन् र अरुको सिद्धान्त गलत भन्ने र सिद्धान्तको खण्डन गर्छन् । हामीलाई कसंको सिद्धान्त ठीक र कसको गलत भन्ने ? छुट्याउन गाऱ्हो पर्छ । कसको सिद्धान्त मानेर हामीले आ-आफ्नो जीवनमा प्रयोग गर्ने ? तब बुद्धले स्वतन्त्र चिन्तनको मार्ग प्रशस्त गर्नुहुँदै उहाँले भन्नुभयो -

१) कहिल्यै नसुनेको कुरा भनी स्वीकार नगर ।
२) परम्परादेखि चलिआएको भन्दैमा नमान ।
३) 'यस्तै भनिएको' भनेर शास्त्र अनुकूलतालाई मात्रै नहेर ।
४) 'आफ्नो ग्रन्थ अनुसार ठीक छ' भनेर पनि नस्वीकार ।
५) तर्कसगत छ, तर्क सम्मत छ भनेर आँखा चिम्लो नअगाल ।
६) न्याय संगत छ, न्याय सम्मत छ, भनेर पनि अनुकरण नगर ।

७) आकार प्रकार राम्रो छ भन्दै अन्ध श्रद्धा नदेखाऊ ।
८) आफ्नो मत अनुकूल छ भनेर पनि उताउलो नहोऊ ।
९) वक्ताको आकर्षक व्यक्तिको कारणले मात्र पनि अंगीकार नगर ।
१०) आफ्नो गुरु भन्दै वा हाम्रो पूज्य छन् भन्दै अन्धानुकरण नगर ।
११) स्वयम् मैले (बुद्धले) भनेको भन्दैमा पनि तिमीहरुले स्वीकार नगर ।

जसरी सुनारले सुनलाई पोलेर कसिमा घोटेर र टुका पारेर सक्कली र नक्कली छुट्याउँछ, त्यसरी नै कुनै पनि सिद्धान्त वा वादलाई विभिन्न तरिकाले आ-आफ्नो दिमाग रुपी कसीमा घोटेर ठीक छ भने मात्र स्वीकार्नुपर्छ । उहाँका यी कथनहरु समय सापेक्ष र आजको आधुनिक युगमा पनि उत्तिकै महत्त्व रहेको छ ।

हाम्रो समाज विकास गर्न त्यस्ता अन्धविश्वास र अन्धभक्तिजस्ता कुरालाई हटाउन सक्नुपर्छ । त्यस्ता विकृतिहरुले धार्मिक क्रियालापहरु शुद्ध रुपले चल्न सकिराखेका छैनन्, उल्टो अफिम र विषको काम गरिराखेका छन् । कुनै मन्दिरमा वा कुलदेवता (देवालीपूजा) मा बलि प्रथा अन्धविश्वासी डरका कारण छोड्न सकिराखेको छैन । जसले गर्दा अन्ध श्रद्धाका कारण मन्दिरहरुमा बलि प्रदान निरन्तर चलिराखेको छ । धार्मिक परम्परा हिंसामुक्त भएमात्र सबैको मनमा डर, त्रास र भयमुक्त हुनसक्छ । जीवन निर्धक्क साथ सुख शान्तिले बिताउन सकिन्छ ।

प्रत्येक व्यक्तिले कुनै पनि धर्मका कुरा होस् वा अन्य कुनै कुरामा पनि आफ्नो विवेक बुद्धि विचार गरेर, राम्रोसँग मूल्याङ्कन गरेर ठीक, सही र कल्याणकारी लाग्छ भने स्वतन्त्र चिन्तन वा विज्ञानसम्मत लाग्छ भने मात्र स्वीकार्ने र अनुसरण र अनुकरण गर्नुपर्छ । जुन वैज्ञानिक दार्शनिक, न्यायाधीश वा विद्वानहरुले पनि राम्ररी अनुसन्धान नगरिकन कसैको भनाइलाई अन्धश्रद्धाका भरमा तुरुन्तै विश्वास गर्दैनन् ।

जोकोही धर्म गुरुहरूले आँखा चिम्लेर स्वीकार गर्न आग्रह गर्छ । त्यस्तै अन्धविश्वास र अन्धश्रद्धाको शिक्षा दिन्छ भने त्यस्ता धर्म संस्कृति परम्परा जुनसुकै भए पनि स्वीकार्नु हुँदैन र कसै कसैले भय त्रास समेत देखाएर मान्न बाध्य तुल्याउन खोज्छ । त्यस्ता विचार स्वीकार्नु उचित हुँदैन ।

अन्तमा जुनसुकै कुरालाई पनि आफ्नो बुद्धि विवेकले सही लाग्छ भने मात्र स्वीकार्नुपर्छ । बुद्ध स्वयम्ले भन्नुभएको छ कि मैले (बुद्धले) भनेको कुरालाई पनि आँखा चिम्लेर स्वीकार नगर राम्रारी सुझबुझले मात्र स्वीकार गर्नु भन्नुभयो । यो कुरा मननयोग्य छ ।

॥ भवतु-सब्ब-मङ्गलं ॥


# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

# त्रैमासिक "अर्हत" को वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

ग्राहकहरूको नामावली
१) सुमन साख - बोलाछें
२) राकेश शाक्य - सुकुलढोका
३) प्रमोद मानन्धर - मुलढोका
४) केशव बासुकला - ब्यासी
५) योगेश्वर श्रेष्ठ - क्वाठण्डौं
६) शारदा उच्च मावि - यालाछें
७) प्रभात इङ्गलिस उमावि- ब्यासी
८) बासु उमावि - कालीघाट
९) गोपीकृष्ण प्रजापति - तुछिमला
१०) बालकृष्ण प्रजापति - सूर्यविनायक
११) पशुपति प्रजापति
१२) लक्ष्मीप्रसाद त्वानाबासु
१३) सिताराम श्रेष्ठ बोलाछें - ९८४१४३०५५४
१४) पृथीकुमार प्रजापति - सूर्यविनायक ५०९२६४५
१५) तेजेश्वरबाबु ग्वंग - सूर्यविनायक
१६) हृदयचन्द्र वैद्य ५०९२६९७ - सूर्यविनायक
१७) पशुपति प्रजापति ५०९२५८८ - सूर्यविनायक
१८) ज्ञानसागर प्रजापति - सूर्यविनायक
१९) पुष्पराज शाक्य भुल्चा - सूर्यविनायक
२०) सुनिता न्हेमाफुकी ९८५११४० - सूर्यविनायक
२१) नवराज धौबन्जार - सूर्यविनायक
२२) बलराम सिबन्जार ९८५१०५०९०३-सूर्यविनायक
२३) श्याम धौभडेल - सूर्यविनायक
२४) पुष्प बनेपाली ६६१६३५४ सूर्यविनायक
२५) विजय शारदा मदीकर्मी - सुन्दरबस्ती
२६) मेथड कन्सल्ट ९८५१०६२६४० - सूर्यविनायक
२७) हरि साखः ६६१०१३८ सूर्यविनायक
२८) नरेश त्वायना ९८४१२७२३१५ घट्खा
२९) कृष्ण त्वायना - नासमना
३०) कृष्ण श्रेष्ठ सुकुलढोका
३१) कृष्णभक्त नकर्मी सूर्यविनायक
३२) न्हुछेरत्न खाइतु ९८५१०३०७८५
३३) लक्ष्मी मिठाई भण्डार ६६११११८
३४) रामचन्द सिंबन्जार - सूर्यविनायक
३५) जगन्नाथ प्रजापति - सुन्दरबस्ती ६६१४२८७
३६) युवक राजभण्डारी - सूर्यविनायक ६६१२०२०
३७) हरि अवाल सूर्यविनायक
३८) भक्तपुर हार्डवेयर सूर्यविनायक
३९) पुण्यराम भैल इच्छु ९८४१२५५३९८
४०) लक्ष्मीभक्त कवां - सूर्यविनायक
४१) शिव मानन्धर सूर्यविनायक - ६१०९४४
४२) सूर्यविनायक कोल्ड स्टोर - ६६१६६६६
४३) कृष्णबहादुर सुवाल - ९७४११५२४५५
४४) गंगाबहादुर सुवाल-कटुन्जे
४५) तुल्सीभक्त श्रेष्ठ - सुकुलढोका
४६) नारायण कर्माचार्य - सुकुलढोका
४७) रामहरि श्रेष्ठ - सुकुलढोका
४८) सिताराम अवाल - तुछिमला
४९) रुशा प्रजापति - च्याम्हासिंह
५०) श्यामकृष्ण लवजु-वडा नं. ३
५१) विश्वनाथ प्रजापति वडा नं. १
५२) सिताराम कुम्पाख वडा नं. ५
५३) रामशरण खानीबन्जार वडा नं. ३
५४) सुन्दर शाक्य वडा नं. ४
५५) श्याम शाही - भोलाछें
५६) छुमा गणेश बचत तथा ऋण सहकारी संस्था
५७) इश्वरीराज जोशी -तुछिमला
५८) रामकृष्ण अवाल तुछिमला
५९) तेकबहादुर अवाल तुछिमला
६०) केशबहादुर शाही भोलाछें
६१) ज्ञानसागर प्रजापति - तौलाछें ९८४१७५४५१०
६२) शिवप्रसाद प्रजापति -बोलाछें ९८४९१२८००९
६३) पूर्णबहादुर अवाल -तुछिमला
६४) सिद्धिराम अवाल - तुछिमला ६६१८०९६
६५) बुद्धिराम दुवाल - गोलमढी ६६१२५३१
६६) रामबहादुर प्रजापति
६७) केदार त्वानाबासु-टिवुक्छें ८
६८) कृष्णगोविन्द खाइजू वडा नं. ६
६९) कृष्णभक्त जोशी - जगाति
७०) विवेकमान कर्माचार्य तुलाछें ९८५१०३३२५२
७१) न्हुछेभक्त जोशी - जगाति ९७४१००४१६७
७२) गोविन्दलाल धौभडेल - टौमढी ६६१०५५६
७३) लक्ष्मीभक्त चवाल -क्वाछें ९८०३०२४२८२
७४) विष्णु वैद्य - हनुमानघाट
७५) विष्णुभक्त मारिखु - सूर्यविनायक
७६) सिद्धिगणेश साकोस - चोर्चा
७७) तुल्सीबहादुर अवाल-महाकाली

७८) जगनाथ सुजखु-व्यासी ९८४१४९५२९१
७९) दिलबहादुर ब्याञ्जु - व्यासी ९८४१८८४६६७
९०) जय श्री बाराही इलेक्ट्रिक सेन्टर - सुन्दरबस्ती
९१) विष्णुकुमार सुकुपायो - सूर्यविनायक ९८४१४३२६६१
९२) गोपाल श्रेष्ठ - कटुञ्जे
९३) गणेशराम प्रजापति-मिलरोक मध्यपुर ९८४१२३१७७८
९४) तुल्सीभक्त अवाल - व्यासी
९५) विष्णुराम दुमरु - वडा नं. ६ चोर्चा
९६) रुद्रनारायण लाखा - वडा नं. ६ चोर्चा
९७) हरिनारायण लाखा - वडा नं. ६ चोर्चा
९८) भक्तलाल दुमरु - वडा नं. ६ चोर्चा
९९) कृष्णराम ख्याजु - वडा नं. ६ चोर्चा
१००) लक्ष्मीप्रसाद दुमरु - वडा नं. ६ चोर्चा
१०१) नारायणमान वनमाला चोर्चा
१०२) कृष्णगोविन्द लाखाजू - वडा नं. ६ चोर्चा
१०३) राजेन्द्र दुमरु - वडा नं. ६ चोर्चा
१०४) विकास शाक्य - वडा नं. ६ चोर्चा
१०५) सरिता वासी - गरुडकुण्ड वडा नं. १ ९८४१०४३२७१
१०६) श्रीप्रसाद अवाल - कमलविनायक ६६१६७२०
१०७) लक्ष्मीकेशरी प्रजापति - गरुडकुण्ड ६६१४२४३
१०८) विष्णु पनेरु - कमलविनायक- ६६१४४६०
१०९) लक्ष्मीप्रसाद प्रजापति - गरुडकुण्ड ९८४१२७२४३०
११०) रविन खुसु - इताछें ९८४९८२५४०७
१११) शिवजी प्रजापति - गरुडकुण्ड ९८४१०२३९४५
११२) बाबुकाजी प्रजापति गरुडकुण्ड ९८४१५३७२९९
११३) रत्नप्रसाद प्रजापति गरुडकुण्ड ९८४१३९४०७४
११४) अर्जुन प्रजापति गरुडकुण्ड ९८४१८४९३३९
११५) न्हुछेकुमार अवाल तुछिमला
११६) काजीबहादुर अवाल तुछिमला
११७) कृष्ण अवाल तुछिमला
११८) कान्छा बासुकला देकोचा
११९) रुपेश खोतेजा चोछे
१२०) पञ्चवीर सल्लाघारी
१२१) विष्णु प्रजापति सल्लाघारी ९८४१३३४६२७
१२२) प्रवीण शाक्य भोलाछें ६६१३६२६
१२३) तीर्थरत्न शाक्य-इनाचो ६६१३९८३
१२४) वसन्तराज शाक्य इनाचो
१२५) सप्तरत्न बज्राचार्य इनाचो ९८४१३३४९३१
१२६) प्रकाश शाक्य -इनाचो ९८५१०८९१२
१२७) पद्मसुन्दर शाक्य - इनाचो ६६१३९८१
१२८) आयु बज्र शाक्य इनाचो ९८४१२०५७३२
१२९) संखराज शाक्य इनाचो
१३०) दीपेन्द्र इनाचो ६६१२२६०
१३१) विश्व पद्म ज्यासः इनाचो ९८४१२०१९७८
१३२) धर्मराज बुद्धाचार्य - इनाचो ९८४११७७४७९
१३३) इन्द्रबहादुर इनाचो ९८४१९५०९६६
१३४) सुगतराज एण्ड सन्स - इनाचो ९८४१४८८०५७
१३५) रत्नसुन्दर शाक्य - इनाचो ९८४९४२६०९०
१३६) विनेश शाक्य ६६१३३९३
१३७) शारदा क्याम्पस - कमलविनायक ६६१४८८०
१३८) कृष्णगोपाल कुसी - तौलाछें ९८४१२८५६३७
१३९) पृथुचरण वैद्य -टिवुक्छें ६६१०८१२
१४०) पुष्परत्न शाक्य -भोलाछें ९८४१४०३७५५
१४१) लक्ष्मी अप्टिकल इताछें ६६१४३३१
१४२) रत्नायन ज्यासः - खौमा - ९८४१२४५४९७
१४३) गणेश ज्यासः पस : साकोठा ६६१०६०१
१४४) केशचन्द्र शाक्य - याछें ६६१७५८२
१४५) राधेश्याम दुमरु, वडा नं. ६
१४६) रमेश दुमरु, कमलविनायक
१४७) कृष्णनारायण दुमरु, कमलविनायक
१४८) हिरा ख्याजु, कमलविनायक
१४९) इन्द्रबहादुर मुस्याख्व, कमलविनायक
१५०) काशीनाथ त्वानाबासु, कमलविनायक
१५१) पुण्यराम लाखा, कमलविनायक
१५२) तुल्सी वनमाला, कमलविनायक
१५३) पुण्यराम दुमरु, कमलविनायक
१५४) रामकृष्ण वैद्य - तचपाल
१५५) गणेशमान श्रेष्ठ
१५६) पञ्चलाल लाछिमस्यू
१५७) लक्ष्मीप्रसाद ह्यौमिखा
१५८) तुल्सीनारायण लाखेमरु
१५९) राजाराम बासुकला - भनपा-१०
१६०) भिन्तुना बचत तथा ऋण सहकारी संस्था - भनपा-१०
१६१) केशव घयुव - भनपा-१०
१६२) अमर बासुकला - भनपा-१०
१६३) हरिप्रसाद बासुकला - भनपा-१०
१६४) ख्वप बचत तथा ऋण सहकारी संस्था - भनपा-१०
१६५) राजकुमार लघु -भनपा-१०
१६६) देवेन्द्र ग्वाछा - भनपा-१०
१६७) प्रभात माध्यमिक विद्यालय - भनपा-५
१६८) महाकाली ग्यास उद्योग - भनपा-१०
१६९) तुल्सी नारायण लाखे - भनपा-१०
१७०) श्रमिक माध्यमिक विद्यालय
१७१) रामप्रसाद कोजु - भनपा-१०
१७२) गणेशप्रसाद सुवाल - भनपा-१०
१७३) श्याम शाही - भोलाछें-१०

# हार्दिक शुभकामना





बौद्ध दर्शन अध्ययन समाजका
संस्थापक सदस्य श्री गोपीकृष्ण प्रजापति तथा
श्रीमती कृष्णकेशरी प्रजापतिको भिम रथारोहण
(जंको) को अवसरमा उहाँहरुको सुस्वास्थ्य तथा
दीर्घायुको कामना गर्दछौं !

**बौद्ध दर्शन अध्ययन समाज**
**परिवार**

बौद्ध दर्शन अध्ययन समाजद्वारा
प्रकाशित बौद्ध साहित्यिक पत्रिका
"अर्हत" त्रैमासिक
निरन्तर प्रकाशनको निम्ति हार्दिक
शुभकामना व्यक्त गर्दछ ।

**BBS** यस बासु कलेजमा व्यवस्थापन संकाय
स्नातक तह प्रथम वर्षमा भर्ना खुल्यो ।

# बासु उच्च माध्यमिक विद्यालय/कलेज

कालीघाट, ब्यासी, भक्तपुर, सम्पर्क फोन नं.६६२०३००, ६६१५२५७, ६६१९०१४